प्रतिदिन २८ औं वार्षिकोत्सव

राष्ट्रिय दैनिक
# प्रतिदिन
PRATIDIN NATIONAL DAILY



विज्ञापनको लागि सम्पर्क:
९८०१४५८१८१,९८४२६३४४२६,९८५२६७५३४४ ०२३-५४३८२०

वर्ष-१८ । । अङ्क : ०१२ ॥ २०८२ माघ २८ गते बुधबार (11th Feb 2026 Wednesday) | Pratidin National Daily | मूल्य-रु.५/-

# पाँच वर्षमा गरिबी ५ प्रतिशतमा झार्ने नेकपाको लक्ष्य

काठमाडौँ । नेपाली कम्युनिस्ट पार्टी (नेकपा)ले आगामी ५ वर्षभित्र वार्षिक १० प्रतिशतभन्दा माथिको आर्थिक वृद्धिदर हासिल गर्ने लक्ष्यसहित आफ्नो प्रतिबद्धता पत्र सार्वजनिक गरेको छ । पार्टी कार्यालय पेरिसडाँडामा मंगलवार आयोजित कार्यक्रममा सार्वजनिक गरिएको प्रतिबद्धता पत्रमा सो अवधिमा बहुआयामिक गरिबीको दर २०.१५ प्रतिशतबाट घटाएर ५ प्रतिशतमा झार्ने लक्ष्य प्रस्तुत गरिएको छ ।

कार्यक्रममा पार्टी संयोजक पुष्पकमल दाहाल ' प्रचण्ड'ले आगामी निर्वाचनका पार्टीको संक्षिप्त प्रतिबद्धता सार्वजनिक गरेका हुन् ।

**यस्तो प्रतिबद्धता**

-प्राकृतिक स्रोतहरूको विवेकशील, दिगो र उत्पादनमुखी उपयोग, स्वदेशी र वैदेशिक लगानीमा वृद्धि, सामूहिकता र सहकारितामा आधारित उत्पादन प्रणालीको विकास र विस्तार, स्रोतसाधनको दक्षतापूर्ण विनियोजन, खर्च क्षमतामा उल्लेख्य वृद्धि, उत्पादन तथा रोजगारी वृद्धि, समावेशी विकास र वैकल्पिक वित्त परिचालनमार्फत आगामी पाँच वर्षभित्र (दोहोरो अंकको) १० प्रतिशतभन्दा माथिको आर्थिक वृद्धिदर हासिल गर्ने ।

-स्रोत-साधनको प्रभावकारी परिचालनमार्फत आर्थिक तथा सामाजिक असमानता न्यूनीकरण गर्दै पाँच वर्षमा हालको बहुआयामिक गरिबीको दर २०.१५ प्रतिशतबाट घटाएर ५ प्रतिशतमा झार्ने ।

-राज्य संरक्षित कृषि र औद्योगिकीकरणको नीतिमार्फत कृषि तथा उद्योगलगायत उत्पादनका क्षेत्रहरूलाई संरक्षण र प्रवर्द्धन गर्ने ।

-उत्पादनमुखी, निर्यात प्रवर्द्धन तथा आत्मनिर्भर अर्थतन्त्र निर्माण गरी आयात निर्भरता क्रमशः न्यूनीकरण गर्ने ।

-स्वदेशी निजी क्षेत्रको लगानी क्षमता अभिवृद्धि गर्दै वैदेशिक लगानीलाई उत्पादन, प्रविधि हस्तान्तरण र रोजगारी सिर्जनासँग जोड्दै वृद्धि गर्ने ।

-कृषि, उद्योग, पर्यटन, ऊर्जा, सूचना प्रविधि र सेवा क्षेत्रमा उत्पादन तथा रोजगारीमा ठोस वृद्धि हासिल गर्ने ।

-प्राकृतिक स्रोतको विवेकशील उपयोग गर्दै हरित तथा डिजिटल अर्थतन्त्रको जग बसाल्ने ।

-निजी, सहकारी र सार्वजनिक क्षेत्रबीच सन्तुलित तथा पूरक विकासको मोडलमार्फत समाजवाद उन्मुख अर्थतन्त्रको ठोस आधार तयार पार्ने ।

- सम्भाव्यताका आधारमा प्रत्येक प्रदेशलाई एक विशिष्ट आर्थिक क्रियाकलापको क्षेत्रको रूपमा विकास गर्ने ।

- सार्वजनिक तथा निजी स्वामित्वको बाँझो जमिन, नदी-नाला, वन, खनिज र जैविक स्रोतलाई उत्पादनमूलक रूपमा उपयोग गरी युवा जनशक्तिलाई स्वदेशमै रोजगारी उपलब्ध गराइनेछ ।

- जनसांख्यिक लाभको उच्च उपयोग गर्ने गरी प्रतिवर्ष १ लाख ५० हजार अतिरिक्त रोजगारी थप गरी वार्षिक ५ लाख रोजगारी सुनिश्चित गरिनेछ ।

- विदेशमा रहेका जनशक्तिको ज्ञान, सीप, अनुभव र पूँजीलाई रोजगारी-स्वरोजगारी तथा लगानीका लागि अनुकूल वातावरण बनाउन रिटर्नी उद्यमशीलता कार्यक्रम सञ्चालन गरी कम्तीमा १ लाख (एक लाख) रिटर्नीहरूलाई उद्यमी बनाइनेछ ।

- विपन्नको इलम र सीपः पूँजी र उद्यमका लागि सरकारको साथ कार्यक्रम सञ्चालन गरिनेछ ।

- विपन्न, पिछडिएका र सीमान्तकृत समुदायका लागि विशेष रोजगारी कार्यक्रम लागू गरिनेछ ।

**नेपाली कम्युनिस्ट पार्टी नै किन ?**

-राष्ट्रिय स्वाधीनतालाई राजनीतिक, आर्थिक र नीतिगत आत्मनिर्णयसहित सुदृढ गर्दै वैदेशिक हस्तक्षेप तथा परनिर्भरताको अन्त्य गर्न ।

- संघीय लोकतान्त्रिक गणतन्त्रको रक्षा, सुदृढीकरण र विकास तथा संघ, प्रदेश र स्थानीय तहबिचको अधिकार बाँडफाँट सुस्पष्ट गर्न ।

- समतामूलक समृद्धि, सुशासन, सामाजिक न्याय र मानवीय मूल्यको प्रत्याभूति गर्दै देशको उत्पादन, वितरण र सेवामा जनताप्रतिको उत्तरदायित्व सुनिश्चित गरी समाजवादतर्फ अग्रसर हुन ।

- वर्तमान संविधानको सकारात्मक पक्षहरूको रक्षा र सदृढीकरण गर्दै शासकीय स्वरुप, निर्वाचन प्रणाली, संघीय संरचनाको सुदृढीकरणलगायतका विषयमा युवा पुस्ताको भावनाको समेत आधारमा संविधान संशोधन र अग्रगामी परिमार्जन गर्न ।

- बहुलतायुक्त समाजअनुकूल राज्यसत्तामा सबै समुदायको प्रतिनिधित्व, पहुँच र पहिचान सुनिश्चित गर्दै समावेशी लोकतान्त्रिक संरचना निर्माण गर्न ।

- जनतालाई भोक, रोग, गरिबी, असमानता र वर्गीय विभेदबाट मुक्ति दिलाउन तथा शिक्षा, स्वास्थ्य, रोजगारी, आवास र सामाजिक सुरक्षाजस्ता मौलिक हकको व्यवहारिक कार्यान्वयन गर्न ।

- राजनीतिक, आर्थिक, सामाजिक र




सांस्कृतिकरूपले बहिष्करणमा परेका वा पारिएका महिला, मधेसी, आदिवासी जनजाति, खस, दलित, मुस्लिम, थारु, पिछडा वर्ग, अल्पसंख्यक समुदाय, विपन्न वर्ग पिछडिएको क्षेत्रलगायतका सीमान्तीकृत वर्ग र समुदायहरूलाई राज्यका सबै अङ्ग, तह र निकायमा समानुपातिक समावेशीकरणको प्रत्याभूति दिलाउन ।

- महिला, मजदूर, किसान, अपाङ्गता भएका व्यक्ति, लैङ्गिक तथा यौनिक अल्पसंख्यक र लोपोन्मुख तथा सीमान्तकृत समुदायहरूलाई अधिकार र अवसरमा समानता तथा सहभागिता सुनिश्चित गर्न ।

-देशको सार्वभौमिकता र भूअखण्डताको रक्षा गर्दै पहिचान र अधिकारसहितको संघीय समाजवादी गणतन्त्रको रणनीतिक लक्ष्य प्राप्तिका लागि सडक, सदन र सरकार तीनै क्षेत्रबाट संघर्षरत रहन।

- धार्मिक स्वतन्त्रता, बहुसांस्कृतिक सम्मान र सामाजिक सद्भाव विथोल्ने सबै प्रकारका विभेद र उत्पीडनको अन्त्य गर्दै राष्ट्रिय एकता मजबूत पार्न ।

**जेनजी पुस्ताको मर्मअनुरूप संविधान संशोधन गर्ने प्रतिबद्धता**

नेकपाले नवयुवा (जेनजी) पुस्ताको मर्म अनुरुप आफ्नो प्रतिबद्धता पत्रमा राजनीतिक स्थायित्व, शासकीय स्वरुप र संघीयता कार्यान्वयनलाई विशेष प्राथमिकता दिएको छ । वर्तमान निर्वाचन प्रणालीअन्तर्गत एकै पार्टीले बहुमत प्राप्त गरी पाँच वर्षसम्म सरकार चलाउने सम्भावना न्यून रहेकोले नेपाली जनताका विभिन्न कालखण्डका संघर्ष, बलिदान तथा पछिल्लो नवयुवा (जेनजी) पुस्ताको मर्म अनुरुप राजनीतिक स्थिरताका लागि संविधान संशोधन गर्ने प्रतिबद्धता व्यक्त गरेको छ ।

**जेनजी पुस्ताका लागि गरिएका प्रतिबद्धता**

१.राजनीतिक स्थायित्व, शासकीय स्वरुप र संघीयता कार्यान्वयन

- शासकीय स्वरूपमा आमूल परिवर्तन गर्न नियन्त्रण र शक्ति सन्तुलन हुने गरी शासकीय स्वरूप परिमार्जन गर्ने ।

- विद्यमान निर्वाचन प्रणाली अत्यन्त खर्चिलो र भड्किलो भएकोले यसले भ्रष्टाचारलाई बढावा दिएको छ । यसले कमजोर आर्थिक तथा सामाजिक अवस्था भएका आम नागरिकलाई निर्वाचनमा भाग लिन असमर्थ बनाएको छ। यस निर्वाचन प्रणालीलाई परिवर्तन गरेर सरल र कम खर्चिलो बनाइनेछ ।

- निर्वाचित सांसदहरू विधायकी भूमिकामा रहने र हालको २५ बाट घटाएर विषयगत विज्ञहरू सम्मिलित सानो आकारको मन्त्रिपरिषद् गठन गर्ने व्यवस्था गर्ने ।

- नयाँ प्रतिनिधिसभा गठन भएको एक वर्षभित्र संघीयता कार्यान्वयनका लागि आवश्यक सबै कानुनहरू तर्जुमा गरी प्रदेश र स्थानीय तहले संविधान बमोजिम प्राप्त गर्ने अधिकार उपभोग गर्ने वातावरण निर्माण गर्ने ।

- शिक्षा, स्वास्थ्य, आवास, खानेपानी, खाद्य सुरक्षा, संस्कृति, भाषा विकास लगायतका मौलिक हक कार्यान्वयनका क्षेत्रमा संघीय बजेटको ६० प्रतिशत प्रदेश र स्थानीय तहबाट परिचालन गर्ने व्यवस्था गर्ने ।

- राष्ट्रिय सभालाई उत्पीडित वर्ग, क्षेत्र तथा समुदाय र राष्ट्रिय जीवनमा विशिष्ट भूमिका निर्वाह गरेका व्यक्तिहरूको प्रतिनिधित्व हुने सभाको रूपमा स्थापित गर्ने ।

- प्रदेशको शासकीय स्वरूपमा परिमार्जन गरी प्रदेश सभा र प्रदेश सरकारको गठन तथा सञ्चालनमा प्रदेशका राजनीतिक दलहरूलाई नै जवाफदेही बनाइने ।

- आदिवासी आयोग, थारु आयोग, भाषा आयोग, जनजाति उत्थान प्रतिष्ठान, समावेशी आयोग लगायतका संवैधानिक आयोगहरूका बीच देखिएको अधिकार र कार्यक्षेत्रको दोहोरोपनलाई हटाई पुनर्संरचना गरिनेछ र आयोगहरूलाई स्रोतसाधन सम्पन्न बनाइनेछ ।

**२.भ्रष्टाचार नियन्त्रण र सुशासन**

भ्रष्टाचार नियन्त्रणलाई पार्टीको आधारभूत मान्यता, सोच, नीति तथा कार्यक्रमको प्रस्थानविन्दु बनाइने छ ।

- हालसम्मका सार्वजनिक पद धारण गरेका सबै व्यक्तिको सम्पत्ति छानबिन तथा भ्रष्टाचारका काण्डहरूको छानबिन गर्न एक वर्ष समयसीमा रहने गरी अधिकार सम्पन्न स्वतन्त्र आयोग गठन गरिनेछ ।

- राज्यका सबै अङ्गमा हुने भ्रष्टाचार नियन्त्रण गर्न र भ्रष्टाचारीलाई कारबाहीको दायरामा ल्याउन अख्तियार दुरुपयोग अनुसन्धान आयोग, राष्ट्रिय सतर्कता केन्द्र, सम्पत्ति शुद्धीकरण विभाग समेतलाई समाहित गरी अधिकारप्राप्त उच्चस्तरीय लोकपाल गठन गरिनेछ ।

- देशलाई खैरो सूची (ग्रेलिस्ट) बाट निकाल्न समयबद्ध कार्ययोजना कार्यान्वयनमा ल्याइनेछ ।

 सार्वजनिक सेवा प्रवाहमा सुशासन कायम गर्न डिजिटल र ई-शासन ब्लूप्रिन्ट कार्यान्वयन गरिनेछ ।

- भनसुन, सिफारिसबिना नै सेवा प्राप्त गर्न मुहाररहित, कागजरहित र नगदरहित प्रशासन प्रणाली विकास गरिनेछ ।

- कर्मचारीतन्त्रमा योग्यता (मेरिट) मा आधारित र कामको नतिजा (पर्फर्मेन्स) अनुसार प्रोत्साहन दिने व्यवस्था अनिवार्य लागू गरिनेछ ।

- आउँदो ५ वर्षभित्र सरकारी सेवामा ३० प्रतिशत नयाँ र सक्षम जनशक्ति भित्र्याइनेछ ।

- एउटै प्रकृतिका दोहोरो भूमिका तथा जिम्मेवारी भएका निकायहरूको पुनर्संरचना गरिनेछ ।

-संवैधानिक तथा सार्वजनिक निकायमा दलगत नियुक्ति तथा भागबण्डा अन्त्य गर्न योग्यता प्रणाली लागू गरिनेछ ।

- सेवाग्राहीलाई नागरिक वडापत्र अनुसार सेवा प्राप्त गर्न लाग्ने समयको पूर्व जानकारी दिई सोही समयभित्र सेवा प्राप्त सुनिश्चित गर्न सार्वजनिक सेवाप्रवाहमा टाइम कार्ड प्रणाली लागू गरिनेछ ।

**३.परिणाममुखी सार्वजनिक प्रशासन**

विद्यमान प्रक्रियामुखी तथा तदर्थवादी सार्वजनिक प्रशासनलाई जनउत्तरदायी, तटस्थ, पारदर्शी, प्रविधिमैत्री, परिणाममुखी तथा भ्रष्टाचारमुक्त बनाउन गरी विकास गरिनेछ ।

- संविधानको मर्मअनुरूप संघीयता कार्यान्वयन गर्न संघीय निजामती सेवा ऐन यथाशीघ्र जारी गर्न संसद्को पहिलो अधिवेशनबाट संकल्प प्रस्ताव पेश गरिनेछ ।

-संघीय, प्रदेश तथा स्थानीय प्रशासनबीच प्रभावकारी अन्तर्सम्बन्ध कायम गर्न, योग्यता आधारित प्रणाली स्थापित गर्न, अनावश्यक तथा कार्यगत दोहोरोपन हटाउन र प्रतिस्पर्धामा आधारित सार्वजनिक प्रशासनको पुनर्संरचना गर्न उच्चस्तरीय प्रशासन संरचना पुनरावलोकन आयोग गठन गरिनेछ ।

- कार्यसम्पादन सम्झौतामा आधारित स्पष्ट तथा पारदर्शी मूल्यांकन प्रणाली लागू गरिनेछ ।

- प्रशासनलाई राजनीतिक दबाब, आग्रह तथा पूर्वाग्रहबाट मुक्त राख्न प्रमुख प्रशासकहरू (मुख्य सचिव, सचिव आदि) को स्थायित्व सुनिश्चित गरी नियुक्ति, सरुवा तथा बढुवामा स्पष्ट मापदण्ड तोकिनेछ।  राजनीतिक नेतृत्व र प्रशासनिक नेतृत्वको कार्यक्षेत्र तथा अधिकार कानुनद्वारा स्पष्ट रूपमा परिभाषित गरिनेछ ।

# नेपालमा भ्रष्टाचार नियन्त्रणमा ठोस प्रगति भएन

काठमाडौँ, माघ २७ गते । नेपालले भ्रष्टाचार नियन्त्रणमा कुनै ठोस प्रगति गर्न नसकेको एक प्रतिवेदनले देखाएको छ । ट्रान्सपरेन्सी इन्टरनेसनल (टिआई) ले मङ्गलबार सार्वजनिक गरेको 'भ्रष्टाचार अवधारणा सूचकाङ्क (सिपिआई) २०२५' अनुसार नेपालको सूचकाङ्क यथावत् रहेको छ । नेपालको स्थिति गत वर्षजस्तै यस वर्ष पनि ३४ अङ्कमै सीमित भएको हो ।



छ वटा अन्तर्राष्ट्रिय संस्थाले सन् २०२५ को अगस्टसम्म उपलब्ध गराएको सुशासनसम्बन्धी तथ्याङ्कका आधारमा नेपालको अङ्क निर्धारण गरिएको टिआई नेपालका अध्यक्ष मदनकृष्ण शर्माले जानकारी दिए । उनका अनुसार लामो समयदेखि नेपालले ३५ भन्दा कम अङ्क प्राप्त गर्दै आएको छ । सूचकाङ्कमा १०० अङ्कले भ्रष्टाचारमुक्त र शून्य अङ्कले अत्यधिक भ्रष्ट अवस्थालाई जनाउँछ ।

सन् २०२५ मा विश्वका दुई तिहाइ देशले १०० मा ५० भन्दा कम अङ्क प्राप्त गरेका छन्, जसले ती देशहरू भ्रष्टाचार नियन्त्रण गर्न असफल रहेको सङ्केत गर्दछ । नेपालले कम अङ्क प्राप्त गर्नुले सत्तामा पुगेकाले भ्रष्टाचारविरुद्ध प्रभावकारी काम गर्न नसकेको पुष्टि गरेको अध्यक्ष शर्माले बताए । भदौ २३ र २४ मा देखिएको 'जेनजी' आन्दोलन तथा मुलुकले बेहोरेको अपूरणीय धनजन क्षतिको मूल कारणमध्ये बढ्दो भ्रष्टाचार पनि एक रहेको दाबीलाई यस

❖ बाँकी पृष्ठ ४ मा

# विकास बजेटको खर्च निराशाजनक

काठमाडौँ । सरकारले आर्थिक वर्ष २०८२/८३ को बजेटमा विकासका लागि ठुलो रकम विनियोजन गरे पनि खर्च भने न्यून देखिएको छ । चार विकासे मन्त्रालय भौतिक पूर्वाधार तथा यातायात, सहरी विकास, खानेपानी र ऊर्जा तथा जलस्रोत मन्त्रालयको अर्धवार्षिक खर्चको अवस्था अत्यन्तै निराशाजनक देखिएको छ ।

अर्धवार्षिक मूल्याङ्कन प्रतिवेदनअनुसार यी मन्त्रालयहरूले विनियोजित बजेटको सानो अंश मात्रै खर्च गर्न सकेका छन्, जसले समग्र विकासको गतिमा गम्भीर असर पुऱ्याएको छ । ठुलो बजेट ओगट्ने यी मन्त्रालयहरूको कमजोर खर्च क्षमताले सरकारको विकासप्रतिको प्रतिबद्धता र कार्यान्वयन क्षमतामाथि नै गम्भीर प्रश्नचिन्ह खडा गरेको छ ।

अर्थमन्त्री रामेश्वर खनालले तयारी नभएका आयोजनामा बजेट थुपार्ने प्रवृत्तिका कारण पुँजीगत खर्च हुन नसकेको बताए । उनले ३५ अर्बको कार्यक्रम सञ्चालन गर्ने क्षमता भएको मन्त्रालयलाई एकैपटक १२२ अर्बको बजेट दिँदा खर्च हुन नसकेको दाबी गरे ।

तीन करोडभन्दा साना आयोजना संघीय सरकारले नहेर्ने नीति भए पनि बजेटमा त्यस्ता आयोजना घुसाइएको र तयारी नै नभएका करिब ८० अर्ब बराबरका आयोजना बजेटमा पर्दा पुँजीगत खर्च बढ्न नसकेको अर्थमन्त्रीको दाबी छ ।

'तयारी नै नभएका आयोजनामा बजेट राखेर पुँजीगत खर्च बढ्दैन,' उनले भने, 'अहिले देखिएको पुँजीगत खर्चको कम प्रतिशत यथार्थपरक बजेट (३०० अर्बको सट्टा ४०७ अर्ब) नबनाउँदाको परिणाम हो ।'




अर्थमन्त्री खनालले चालु खर्चतर्फ ९५ प्रतिशत खर्च हुने अनुमान गरिए पनि पुँजीगत खर्चमा भने सुधारको अपेक्षा कम रहेको संकेत गरे । यद्यपि, आउँदो नयाँ सरकार र बाँकी रहेका तीन महिना (वैशाख, जेठ र असार) मा कामको गति बढ्ने आशा आफूहरूले राखेको उनले बताए ।

सरकारले चालु आर्थिक वर्षका लागि कुल १९ खर्ब ६४ अर्ब ११ करोड रुपैयाँ विनियोजन गरेको थियो । जसमध्ये अर्धवार्षिक समीक्षा अवधिसम्म ६ खर्ब ९० अर्ब २१ करोड रुपैयाँ खर्च भएको छ । यो कुल विनियोजनको ३५ दशमलव १४ प्रतिशत हो । यसमा कर्मचारीको तलबभत्ता र प्रशासनिक कार्यमा हुने चालु खर्चको हिस्सा ठुलो छ । समग्र खर्च गत वर्षको यही अवधिको तुलनामा ३ दशमलव ३९ प्रतिशतले बढे पनि विकास खर्च बढ्न नसक्दा अर्थतन्त्र चलायमान हुन सकेको देखिँदैन ।

**सहरी विकासः न्यून खर्चको नयाँ कीर्तिमान**

सहरी विकास मन्त्रालयले चालु आर्थिक वर्ष २०८२/८३ मा खुद ९१ अर्ब ३४ करोड १७ लाख रुपैयाँ बजेट पाएको थियो । यसमध्ये पुस मसान्त (अर्धवार्षिक अवधि)सम्म मन्त्रालयले विनियोजित बजेटको ६.३१ प्रतिशत अर्थात् ५७ हजार ६६७ लाख रुपैयाँ मात्रै खर्च गर्न सकेको छ । पुँजीगत खर्च त झन् ५.७३ प्रतिशतमा सीमित छ ।

यस मन्त्रालयको हालसम्म १६ वटा झोलुङ्गे पुल र १३ वटा स्थानीय तहको प्रशासनिक भवन निर्माणजस्ता केही प्रगति देखिए पनि खर्चको अवस्था सबैभन्दा कमजोर छ । भदौ २३ र २४ को आन्दोलनबाट क्षतिग्रस्त संरचनाहरूको पुनर्निर्माणमा समेत सुस्तता देखिनुले विपद्पछिको पुनर्निर्माण कार्यमा समेत मन्त्रालयको कमजोर खर्च क्षमता बाधक बनेको देखाउँछ ।

**भौतिक पूर्वाधार : बजेट ठुलो तर खर्च चिन्ताजनक**

भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयलाई कुल १ खर्ब ५१ अर्ब ७४ करोड ८३ लाख रुपैयाँ बजेट विनियोजन गरिएको छ, जुन विकासे मन्त्रालयहरूमध्ये सबैभन्दा ठुलो बजेट हो । तर

❖ बाँकी पृष्ठ ४ मा

# सेभेनसिजलाई दोस्रो पटक राष्ट्रपति रनिङ शिल्डको उपाधि

झिलझिले, माघ २७ । सेभेनसिज पब्लिक अंग्रेजी माध्यमिक विद्यालयले लगातार दोस्रो पटक राष्ट्रपति रनिङ शिल्ड जितेको छ।

झापाको शिवसताक्षी नगरपालिकामा सम्पन्न १६औँ राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिताको उपाधि स्थानीय वडा नम्बर ८ को सेभेनसिज पब्लिक अंग्रेजी माध्यमिक विद्यालयले हात पारेको शिवसताक्षी नगरपालिकाको शिक्षा, युवा तथा खेलकुद विकास शाखाका प्रमुख छवि ढकालले जानकारी दिए । यससँगै विद्यालयले लगातार दोस्रो पटक राष्ट्रपति रनिङ शिल्ड जित्दै खेलकुद क्षमताको

झिलझिले माध्यमिक विद्यालयले ८ वटा स्वर्ण, ३ वटा रजत र ८ वटा कास्य पदकसहित तेस्रो स्थानमा चित्त बुझाएको छ।

दुधेस्थित दुधे रङ्गशालामा आयोजित प्रतियोगितामा एथलेटिक्स, कराते, भलिबल, कबड्डी र तेक्वान्दो गरी पाँच विधाका खेल समावेश गरिएको थियो। सेभेनसिजले सबै विधामा उत्कृष्ट प्रदर्शन गर्दै प्रतिस्पर्धी विद्यालयलाई उछिन्दै दोस्रो पटक उपाधि सुरक्षित गरेको हो।

माघ २४ गतेदेखि सुरु भएको राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता सोमबार सम्पन्न भएको थियो। उपाधि जितेर विद्यालयमा शिल्ड भित्रिएपछि



उत्कृष्टता पुनः प्रमाणित गरेको छ।

यसअघि सम्पन्न १५औँ राष्ट्रपति रनिङ शिल्ड प्रतियोगितामा पनि सेभेनसिजले उपाधि जितेको थियो। नगरपालिकाभित्र रहेका सामुदायिक तथा संस्थागत गरी ३५ प्रतिस्पर्धी विद्यालयलाई पछि पार्दै सेभेनसिजले यस वर्षको प्रतियोगितामा उल्लेखनीय प्रदर्शन गरेर शिल्ड, मेडल र प्रमाणपत्र हात पारेको शिक्षा शाखाले जनाएको छ ।

प्रतियोगितामा सेभेनसिज विद्यालयले ९ वटा स्वर्ण, ७ वटा रजत र ९ वटा कास्य पदक जित्दै समग्रमा प्रथम स्थान हासिल गरेको हो ।

त्यसैगरी राष्ट्रिय रमणीय आदर्श माध्यमिक विद्यालयले ९ वटा स्वर्ण, ६ वटा रजत र ७ वटा कास्य पदक जितेर दोस्रो स्थान प्राप्त गरेको छ भने मंगलबार विद्यालयमा हर्षोल्लासको माहोल देखिएको थियो।

विद्यार्थीहरूले झिलझिले बजार क्षेत्रमा शिल्ड र ट्रफीसहित मार्चपास गर्दै विजय उत्सव मनाएका थिए। पदक विजेता विद्यार्थीलाई विद्यालयका प्रधानाध्यापक दीपक कडरिया, सञ्चालक समितिकी सदस्य ज्योति राईलगायतले खादा, अविर तथा नगद पुरस्कार प्रदान गरी सम्मान गरेका थिए।

विद्यालयको राष्ट्रिय सेवा दल एनसीसीका विद्यार्थीहरूले प्रधानाध्यापक कडरियालाई शिल्ड तथा ट्रफी हस्तान्तरण गरेका थिए। नगरस्तरीय राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिताले विद्यालयस्तरमा खेल प्रतिभा पहिचान र विकासमा महत्वपूर्ण योगदान पुऱ्याउँदै आएको अभिभावकको भनाई छ ।

# सानोमाई खोलामा फलामे पुलको मर्मत स्थानीयले रोके

कुमरखोद,माघ २७ । सानोमाई खोलामा फलामे पुलको मर्मत कार्य स्थानीयले रोकेका छन् । झापा गाउँपालिकाले वडा नं २ स्थित सानोमाई खोलामा फलामे पुलको मर्मत शुरु गरेको थियो । बालुवाटार र सृजना बस्तीलाई जोड्ने उक्त पुलको स्ल्याव



भत्किएपछि जोखिम बढेको भन्दै मंगलवार विहान स्थानीयले मर्मत कार्यमा अवरोध गरेका हुन् ।

स्थानीय रामदेव राजवंशीका अनुसार पुलको मर्मत गर्दा स्थानीयवासीसँग परामर्श गरिएको थिएन । झापा गाउँपालिकाले आफ्नै मनोमानी तरिकाले स्थानीय देवी पाथीभरा कन्स्ट्रक्सन कम्पनीलाई मर्मतको जिम्मेवारी दिएको राजवंशीको आरोप छ । पुलको इस्टीमेट नहेरेसम्म पुलको मर्मत कार्य अगाडी बढ्न नदिने उनले चेतावनी दिएका छन् ।

पुलको दुवै छेउमा पर्खाल निर्माण गर्नुपर्ने स्थानीयहरुको माग रहेको छ । मर्मत कार्यको विषयमा विवाद भएपछि गाउँपालिकाका कार्यवाहक अध्यक्ष अन्जुदेवी थपलियालाई फिल्डमा वोलाइएको थियो । कार्यवाहक अध्यक्ष थपलियाले पुरानो इस्टीमेट परिवर्तन गरी थप वजेटको व्यवस्था गर्ने र पुललाई दीर्घकालीन र सुरक्षित बनाउने प्रतिवद्धता जनाएपछि विवाद समाधान भएको छ । त्यसपछि पुलको मर्मत कार्य सुचारु भएको जनाइएको छ ।

# 'डीएसपी साब' भएर अवकाश हुँदै ढुण्डीराज गिरी

झापा, माघ २७ ।प्रहरी सेवाबाट अवकाश हुनै लाग्दा ढुण्डीराज गिरी प्रहरी निरीक्षक(इन्स्पेक्टर) बाट प्रहरी नायव उपरीक्षक( डीएसपी) मा बढुवा भएका छन् ।

गृह मन्त्रालय(सचिवस्तर) को निर्णयले बिर्तामोड निवासी गिरी प्रहरी निरीक्षक पदबाट प्रहरी नायव उपरीक्षक पदमा बढुवा भएका हुन् ।

गिरीलाई आइतवार एक कार्यक्रमका बिच कोशी प्रदेश प्रहरी प्रमुख प्रहरी नायव महानिरीक्षक विनोद घिमिरेले दर्ज्यानी चिन्ह प्रदान गरेका छन् ।पदोन्नति भएका प्रहरी नायव उपरीक्षक गिरीलाई प्रहरी नायव महानिरीक्षक घिमिरेले हार्दिक बधाईसहित धन्यवाद दिएका छन् ।कार्यक्रममा प्रहरी वरिष्ठ उपरीक्षक योगेन्द्र सिंह थापालगायत सिनियर तथा जुनियर प्रहरी अधिकृत तथा प्रहरी कर्मचारीहरुको उपस्थिति रहेको थियो ।



गिरीको अवकाश हुन अब एक महिना मात्र बाँकी रहेको छ । २०५२ फागुन २४ गते प्रहरी जवानबाट उनले प्रहरी सेवामा प्रबेश गरेका थिए । त्यसपछि २०५४ चैत १६ मा प्रहरी सहायक निरीक्षकमा खुल्ला प्रतियोगिताबाट नाम निकाल्न सफल भएका थिए । २०५९ जेठ ६ गते प्रहरी नायब निरीक्षक र २०७१ चैत १ गते प्रहरी निरीक्षक हुँदै उनी दुई दिनअघि प्रहरी नायब उपरीक्षक पदमा बढुवा हुन सफल भएका हुन् ।

२०३३ साल साउन २० गते पिता वेदप्रसाद र माता देवकुमारी गिरीको सन्तानको रुपमा जन्मिएर स्नातकसम्मको अध्ययन गरेका गिरी सहयोगी र मिलनसार मानिन्छन् । प्रहरी सेवाको क्रममा नुवाकोट, प्युठान, काठमाण्डौ, खोटाङ, सुनसरी, मोरङ, सोलुखुम्बु, पाँचथर , झापालगायतका जिल्लामा पुगेर उनले जिम्मेवारी निर्वाह गरेका छन् । प्रहरी सेवा पदक, दुर्गम सेवा पदक, गद्धी आरोहण पदक, पूर्व क्षेत्रबाट प्रदान गरिने "पुलिस अफ दी मन्थ" लगायत दर्जनौं पुरस्कारद्वारा उनी सम्मानित भएका थिए ।२०७३ सालमा उनले जिल्ला ट्राफिक प्रहरी कार्यालय बिर्तामोडमा कार्यालय प्रमुख भई ट्राफिक व्यवस्थापनमा उल्लेखनीय कार्य गर्दा धेरै संघ संस्थाहरुले सामूहिक रुपमा सम्मान गरेका थिए ।

# कङ्क्रिट उद्योगमा करेन्ट लागेर कामदारको मृत्यु

झापा, माघ २७ । झापाको बिर्तामोड २ चारपाने लालमाटीमा रहेको ओमकार रेडिमेन्स कङ्क्रिट प्रालिमा करेन्ट लागेर एक कामदारको मृत्यु भएको छ ।

सोमवार राति ११ बजे कङ्क्रिट उद्योगमा हेल्परको काम गर्ने शिवसताक्षी ४बस्ने बर्ष२८का राजिव राजवंशीको करेन्ट लागेर मृत्यु भएको हो ।

मिक्स्चर मेसिन सफा गर्ने क्रममा मेसिनमा हिल्टि हान्दा करेन्ट सर्ट भई राजवंशीलाई करेन्ट लागेको थियो । घाइतेलाई बीएण्डसी अस्पताल बिर्तामोड ल्याइएकोमा उपचारको क्रममा उनको मृत्यु भएको प्रहरीले जनाएको छ ।

घटनास्थलमा इलाका प्रहरी कार्यालय बिर्तामोडबाट प्रहरी टोली गएको थियो । घटनाबारे थप अनुसन्धान भइरहेको जिल्ला प्रहरी कार्यालयले जनाएको छ ।

# सिँढीबाट लडेर कमलमा युवकको मृत्यु

झापा,माघ २७ । सिँढीबाट लडेर झापाको कमलमा एकजना युवकको मृत्यु भएको छ । मंगलवार दिउँसो ४.३० बजे कमल गाउँपालिका ७ ठुलो बाह्रघरे पशुपति टोलस्थित मामा राजकुमार ताजपुरियाको घरमा डेढ बर्षदेखि बस्दै आएका विजय राजवंशीका छोरा बर्ष २५ का युस राजवंशीको एक तले पक्की घरको सिँढीबाट लडेर मृत्यु भएको हो । घाइते राजवंशीलाई उपचारको लागि उनका मामाले निम्स अस्पताल दमकमा ल्याएकोमा डाक्टरले चेकजाँच गर्दा मृत्यु भइसकेको थियो । मृतकको शव दमक अस्पतालमा राखिएको छ । थप अनुसन्धान तथा कानुनी प्रकृयाको लागि इलाका प्रहरी कार्यालय दमकबाट प्रहरी निरीक्षक नविन राईको कमाण्डमा टोली गएको जिल्ला प्रहरी कार्यालयले जनाएको छ।

## नेपालमा...

सूचकाङ्कले थप पुष्टि गरेको उनको भनाइ छ । उनका अनुसार भ्रष्टाचारग्रस्त मुलुकहरूमा सन् २०२५ मा युवा पुस्ताको नेतृत्वमा भ्रष्टाचारविरुद्ध प्रदर्शन भएका छन् । नेपाल, फिलिपिन्स र इन्डोनेसियालगायतका देशमा युवाले नेतृत्व तहको शक्ति दुरुपयोग, सुलभ सार्वजनिक सेवा, रोजगारी र आर्थिक अवसरबाट वञ्चित हुनुपरेको भन्दै सडक आन्दोलन गरेका छन् । अध्यक्ष शर्माले आसन्न निर्वाचनबाट भ्रष्टाचारमा नमुछिएका, इमानदार र प्रतिबद्ध नेतृत्व चयन हुनुपर्नेमा जोड दिए। यस्तो नेतृत्व चयन हुन सके मात्र दशकौँदेखि जकडिएको भ्रष्टाचार नियन्त्रणमा सुधार आउने उनको विश्वास छ ।

पछिल्लो दशकमा विश्वव्यापी रूपमै भ्रष्टाचार नियन्त्रणको प्रगति न्यून रहेको छ । सर्वेक्षणमा समेटिएका १८२ देशमध्ये अधिकांशको अवस्था विगत वर्षको तुलनामा कमजोर बनेको छ । सूचकाङ्क अनुसार सन् २०२५ मा विश्वको औसत स्कोर ४२ कायम भएको छ, जुन अघिल्लो वर्षभन्दा एक अङ्क कम हो ।

यस वर्ष पनि डेनमार्क ८९ अङ्कका साथ सबैभन्दा कम भ्रष्टाचार हुने देशको सूचीमा शीर्ष स्थानमा रहेको छ । दक्षिण सुडान र सोमालिया भने ९-९ अङ्कसहित सबैभन्दा बढी भ्रष्टाचार हुने देशका रूपमा सूचीकृत भएका छन् ।

दक्षिण एसियामा भुटानबाहेक सबै कमजोर दक्षिण एसियाली राष्ट्रहरूमध्ये भुटानले ७१ अङ्क प्राप्त गर्दै तुलनात्मक रूपमा राम्रो स्थिति कायम गरेको छ । भारत र माल्दिभ्सले समान ३९, श्रीलङ्काले ३५, पाकिस्तानले २८, बङ्गलादेशले २४ र अफगानिस्तानले १६ अङ्क प्राप्त गरेका छन् । छिमेकी मुलुक चीनको अङ्क ४३ रहेको छ । ट्रान्सपरेन्सी इन्टरनेसनलले राजनीतिक नेतृत्वलाई भ्रष्टाचार नियन्त्रणप्रति दृढ प्रतिबद्धता जनाउन, कानुनको पूर्ण कार्यान्वयन गर्न र नियमनकारी निकाय सुदृढ बनाउन आह्वान गरेको छ । साथै, अन्तरदेशीय पुँजी पलायन रोक्न कानुनी छिद्रहरू बन्द गर्नुपर्नेमा समेत जोड दिइएको छ ।


**निक्षेपउपर हकदावी सम्बन्धी ३५ दिने सूचना**

कोशी प्रदेश,झापा जिल्ला,बिर्तामोड नगरपालिका वार्ड नं.-०८ मा बस्ने श्री लक्ष्मीकान्त गौतमकी नातिनी,श्री रबीचन्द्र गौतमकी छोरी श्रीमती बछला देबी पौडेलको मिति वि.सं.२०८२/०७/१७ गते मृत्यु भएकोले निजको नाममा यस बैंकको शाखा कार्यालय गरामनीमा बचत खातामा रहेको निक्षेप रकम भुक्तानी तथा नामसारी गरी पाउँ भनी मृतकका श्रीमान दयाराम पौडेलले मिति वि.सं.२०८२/१०/२७मा यस बैंकमा निवेदन दिनु भएको हुँदा उक्त निक्षेप रकम उपर निज निवेदक बाहेक अन्य कसैको हकदावी भए यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतिस) दिनभित्र सबुत प्रमाण सहित सम्वन्धित शाखामा हकदावी गर्नु हुन यो सूचना प्रकाशित गरिएको छ । उक्त म्यादभित्र हकदावी गर्न नआएमा बैंक तथा वित्तीय संस्था सम्वन्धी ऐन, २०७३ को दफा १११ को उपदफा २ बमोजिम हुने तथा उल्लेखित म्यादभित्र रितपूर्वक हकदावी गर्न नआएमा पछि कुनै उजुर नलाग्ने व्यहोरा समेत यसै सूचनाद्धारा सम्बन्धित सबैमा जानकारीका लागि सूचित गरिएको छ ।

एक्सेल डेभलपमेन्ट बैंक लि.
Excel Development Bank Ltd. तपाईंको स्थानीय साझेदार (Your Local Partner)
नेपाल राष्ट्र बैंकबाट 'ख' वर्गको इजाजतपत्र प्राप्त संस्था ( कोशी प्रदेश कार्यक्षेत्र भएको )
Birtamode, Jhapa
023-533564 | 534010
info@edb.com.np
www.edb.com.np



**बिर्तामोड नगरपालिका नगर कार्यपालिकाको कार्यालय कोशी प्रदेशको**

**१५ दिने सूचना**

सधियार पश्चिमः लोकनाथ चौलागाई, उत्तरः सकुन्तला बुढाथोकीको नाममा जारी गरिएको ।

साविक अनारमनी गाविस वडा नं. ६ हाल बिर्तामोड नगरपालिका, वडा नं. ३ बस्ने श्री गणेश बहादुर केसीले निजका नाममा दर्ता कायम रहेको तपसिल बमोजिम जग्गामा भवन अभिलेखिकरण प्रमाण पत्र पाउँ भनी निवेदन तथा घर नक्सा पेश गर्नु भएकोमा तपाईं सधियारको उपस्थिति नरहेकोले स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ३१ को उपदफा (क) बमोजिम यो सूचना प्रकाशित गरिएको छ । ऊक्त विवरणमा कुनै हकदावी भए यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिनभित्र आफ्नो प्रमाण सहित यस कार्यालयमा निवेदन पेश गर्नुहोला । म्यादभित्र कुनै दावी विरोध नभए कानुन बमोजिम भइजाने व्यहोरा समेत सुचित गरिन्छ ।

| जग्गा रहेको स्थान | सिट नं. | कित्ता नं. | क्षेत्रफल | नक्सा दर्ता | सूचना प्रकाशित मिति | सर्जिमिन मिति |
|---|---|---|---|---|---|---|
| बिर्तामोड न.पा ३ | १७९०१ १९९ | १३५३ | ३३० | २०८२/१० /०७ | २०८२/१० /०७ | २०८२/१०/२५ |


# टी-२० विश्वकप : पाकिस्तान भारतसँग खेल्न तयार

एजेन्सी । आइसिसी टी-२० विश्वकपमा यसअघि भारतसँग नखेल्ने घोषणा गरेको पाकिस्तानले आफ्नो निर्णय फिर्ता लिएको छ ।

यसअघि पाकिस्तान सरकारले भारतसँगको समूह चरणको खेल नखेल्ने घोषणा गरेको थियो ।अन्तर्राष्ट्रिय क्रिकेट परिषद् (आइसिसी) ले बङ्गलादेशलाई विश्वकपबाट बाहिर राखेपछि पाकिस्तानले त्यसको विरोधमा भारतसँगको खेल नखेल्ने घोषणा गरेको थियो ।

आइसिसीले पाकिस्तानको निर्णयमा पूर्नविचार गर्न आग्रह गर्दै आएको थियो । अन्तिममा पाकिस्तान क्रिकेट बोर्ड, बङ्गलादेश क्रिकेट बोर्ड र आइसिसीबिचको त्रिपक्षीय छलफलपछि



पाकिस्तान भारतसँगको खेल खेल्न सहमत भएको हो ।

दुई टोलीबिचको खेल फेब्रुअरी १५ तारिख श्रीलङ्काको कोलम्बोमा हुने छ । भारत र पाकिस्तान जारी विश्वकपको 'ए' मा रहेको छ । यस समूहमा नामिबिया, नेदरल्यान्ड्स र अमेरिका छ । यसअघि सुरक्षा चिन्ताका कारण बङ्गलादेशले भारतमा खेल्न अस्वीकार गरेपछि आइसिसीले बङ्गलादेशलाई विश्वकपबाट निष्कासित गरेको थियो । आइसिसीले विश्वकपमा बङ्गलादेशको स्थानमा वरीयताको आधारमा स्कटल्यान्डलाई मौका दिएको थियो । आइसिसीले विश्वकप बहिस्कार गरेको बङ्गलादेशलाई यसअघि कारबाही गर्ने जनाए पनि अन्ततः कारबाही नगर्ने भएको छ ।

## विकास...

बजेटको आकार हेर्दा खर्चको अवस्था अत्यन्तै निराशाजनक छ । अर्धवार्षिक अवधिसम्म जम्मा १८.३७ प्रतिशत अर्थात् २७ अर्ब ८७ करोड २८ लाख रुपैयाँ मात्रै खर्च भएको छ । यसमध्ये पुँजीगत १७.७४ प्रतिशत अर्थात् २५ अर्ब ५८ करोड ८९ लाख खर्च भएको छ ।

यस मन्त्रालयले १६० किलोमिटर सडक कालोपत्रे र १० वटा पुल निर्माण जस्ता केही ठोस प्रगति हासिल गरेको छ । हुलाकी राजमार्ग र पुष्पलाल (मध्य पहाडी) राजमार्गमा पनि काम अगाडि बढेको छ । रेलमार्ग निर्माण र सवारी चालक अनुमतिपत्र वितरणमा अपेक्षित प्रगति नहुनुले सरकारको दीर्घकालीन यातायात योजनामाथि नै छाया परेको छ । ठुलो बजेट पाएर पनि खर्च गर्न नसक्दा सडक मर्मतसम्भारको अभाव र यातायात पूर्वाधारमा ढिलाइले सर्वसाधारण जनताले प्रत्यक्ष सास्ती भोग्नुपरेको छ, जसले मन्त्रालयको कार्यान्वयन क्षमतामाथि गम्भीर प्रश्न उठाउँछ ।

**खानेपानी मन्त्रालय : मेलम्चीको उपलब्धि**

खानेपानी मन्त्रालयले चालु आर्थिक वर्षको लागि कुल २० अर्ब ७२ करोड ६ लाख रुपैयाँ बजेट पाएको थियो । अर्धवार्षिक अवधिसम्म मन्त्रालयले विनियोजित बजेटको ११.९६ प्रतिशत अर्थात् २४ हजार ७७८ लाख रुपैयाँ मात्रै खर्च गर्न सकेको छ । यसमध्ये पुँजीगत खर्च त झन् ११.०१ प्रतिशतमा सीमित छ ।

यस मन्त्रालय मेलम्ची खानेपानी आयोजनाको सफल सञ्चालन र काठमाडौँ उपत्यकामा दैनिक १७ करोड लिटर पानीको आपूर्तिजस्ता प्रशंसनीय उपलब्धि हासिल भए पनि वित्तीय खर्चको अवस्था भने दयनीय छ ।

सुरक्षित खानेपानीमा पहुँच र ढल व्यवस्थापन जस्ता राष्ट्रिय लक्ष्यहरूमा अत्यन्तै सुस्त प्रगति (क्रमशः २७.८० प्रतिशत र ३.०० प्रतिशत) देखिनुले मन्त्रालयको कमजोर वित्तीय कार्यान्वयनले जनताको आधारभूत आवश्यकतामा प्रत्यक्ष असर पारेको स्पष्ट हुन्छ । मेलम्चीजस्तो ठुलो आयोजना सञ्चालनमा आए पनि अन्य खानेपानी परियोजना र सरसफाइ कार्यक्रमहरूले गति लिन नसक्दा समग्र देशको खानेपानीको अवस्थामा सुधार ल्याउने सरकारी लक्ष्य अधुरो रहने जोखिम बढेको छ ।

**ऊर्जा, जलस्रोत तथा सिँचाइ : विद्युतमा फड्को, खर्चमा सुस्तता**

ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालयले चालु आर्थिक वर्षका लागि कुल ४२ अर्ब ७१ करोड ३९ लाख रुपैयाँको ठुलो बजेट पाएको थियो । यस मन्त्रालयले अर्धवार्षिक अवधिसम्म विनियोजित बजेटको १६.५८ प्रतिशत अर्थात् ७० हजार ८३२ लाख रुपैयाँ मात्रै खर्च गर्न सकेको छ । पुँजीगत खर्च १५.१३ प्रतिशतमा सीमित हुनुले ठुला जलविद्युत र सिँचाइ आयोजनाहरूमा ढिलाइको स्पष्ट सङ्केत गर्छ ।

विद्युत उत्पादन क्षमता ४ हजार ८६ मेगावाट पुऱ्याएर ९७ प्रतिशत जनसंख्यामा राष्ट्रिय ग्रिडबाट विद्युत पहुँच पुगेको र २ हजार ७७४ गिगावाट आवर विद्युत निर्यात भएकोजस्ता गौरवपूर्ण उपलब्धि हासिल भए पनि बजेट खर्चको अवस्था भने सन्तोषजनक छैन ।

भेरी बबई डाइभर्सन बहुउद्देश्यीय आयोजनाजस्ता राष्ट्रिय गौरवका आयोजनामा सिभिल र हाइड्रोमेकानिकल निर्माणमा मिश्रित प्रगति देखिए पनि समग्रमा पुँजीगत खर्चको कमजोर अवस्थाले यी आयोजनाहरूले तोकिएको समयमा पूरा हुनेमाथि प्रश्नचिन्ह खडा गरेको छ । साथै, १२.७३ प्रतिशत विद्युत चुहावट र लघु तथा साना जलविद्युत उत्पादनमा अपेक्षित प्रगति नहुनुले वित्तीय स्रोतको कुशल उपयोग र आयोजना व्यवस्थापनमा कमजोरी रहेको देखाउँछ ।


**सामाजिक सञ्जाल प्रयोगमा सतर्कता अपनाऔं ।**

**सामाजिक सञ्जालमाः**

- जातीय, धार्मिक र साम्प्रदायिक सद्भावमा खलल पुऱ्याउने,
- राष्ट्रिय सुरक्षा र राष्ट्रिय एकतामा आँच पुग्ने,
- कुनै व्यक्ति वा संस्थाको प्रतिष्ठा र आत्मसम्मानमा ठेस पुऱ्याउने,
- जातीय भेदभाव, छुवाछुत र श्रमप्रति अवहेलना हुने,
- शान्ति सुरक्षामा खलल पुग्ने,
- प्रचलित कानूनले रोक लगाएका सामग्रीहरूको प्रकाशन वा प्रदर्शन गर्ने,
- जनमानसमा भ्रम सिर्जना गर्ने,
- जस्ता विषयवस्तु पोष्ट, शेयर, ट्याग, ह्यास ट्याग गर्नु हुँदैन ।
- यस्ता कार्य कानूनतः दण्डनीय हुन्छन् ।

नेपाल सरकार विज्ञापन बोर्ड


नव सञ्चार गृह प्रा.लि.द्वारा प्रकाशित तथा नव सञ्चार अफसेटमा मुद्रित । कार्यालय : भद्रपुर बस स्टेण्ड पश्चिम, गजुरमुखीटोल, बिर्तामोड (झापा) । फोन नं.: ०२३-५४३८२० । इमेल : pratidin65@gmail.com । अध्यक्ष : युवराज दाहाल । सम्पादक : इन्द्रसिंह राजवंशी

## सम्पादकीय

# दातालाई सम्मान गर

झापा गोल्डकपले जग्गादाता स्वर्गीय डोमालाल राजवंशीको अर्धकदको शालिक अनावरण गरेको छ । अस्थायी रुपमा भएपनि शालिक अनावरण गरेर गोल्डकपले दाता परिवारको कुण्ठामा अलिकति सान्त्वना दिएको छ । डोमालाल राजवंशीले दान दिएको करोडौ मूल्यको डोमालाल राजवंशी रंगशालामा सातौ पटक झापा गोल्डकप संचालन भइरहँदा समेत आफूहरुको माग संबोधन नभएको भन्दै दाता परिवारसंगै सिंगो राजवंशी समुदायले गुनासो गर्दै आएका थिए । जग्गादाता डोमालाल राजवंशीको शालिक निर्माण गरिनु पर्ने , डोमालाल राजवंशीले दिएको जग्गामा करोडौको बजेटमा प्रतियोगिता गराइरहँदा दाता परिवारको हालको अबस्थालाई मनन गरी कम्तीमा ५ लाख रुपैयाँ उपलब्ध गराउनु पर्ने , डोमालाल राजवंशी रंगशालासंग सम्बन्धित गोल्डकप आयोजक समिति,संरक्षण समितिलगायतका समितिहरुमा दाता परिवारका एकजना सदस्य र राजवंशी समुदायको प्रतिनिधित्व हुनुपर्ने र डोमालालको परिवारले चर्चेको जग्गा उनीहरुकै स्वामित्वमा हस्तान्तरण गरिनु पर्ने माग छैठौ झापा गोल्डकपकै बेला राखिएको थियो । विभिन्न चार बुँदे मागसहितको ज्ञापनपत्र दुई वर्षअघि २०८० फागुन ८ गते आफूहरुले झापा गोल्डकपका अध्यक्ष बस्नेत र बिर्तामोड नगरपालिकाका नगर प्रमुख पवित्रा महतारा प्रसाईलाई बुझाएको थियो । ती मागहरुप्रति आफूहरु सकारात्मक रहेको प्रतिक्रिया दिंदै अध्यक्ष बस्नेतले डोमालालको शालिक निर्माण गर्नका लागि अर्डर गरिसकेको र आफ्नै कार्यकालमा सो शालिक स्थापना गरिने आश्वस्त पारेका थिए । त्यस्तै छैठौं गोल्डकपबाट डोमालालको परिवारलाई २५ हजार रुपैयाँ सहयोग गर्ने निर्णय गरिएकोमा बचत भएमा त्यसलाई थपेर एक लाखसम्म सहयोग गर्ने आश्वासन दिएका थिए ।

जुन बस्नेतले पूरा पनि गरेका थिए । त्यस्तै डोमालाल राजवंशी रंगशालासंग सम्बन्धित गोल्डकप आयोजक समिति,संरक्षण समितिलगायतका समितिहरुमा दाता परिवारका एकजना सदस्य र राजवंशी समुदायको प्रतिनिधित्व हुनुपर्ने मागप्रति पनि उनी सकारात्मक देखिएका थिए । डोमालालको शालिक अस्थायी रुपमा मात्र अनावरण भएको हो । गोल्डकप समापन भएपछि त्यसलाई फेरि सचिवालयमा राखिने भएको छ । त्यसकारण दीगो र व्यवस्थित रुपमा चाँडो भन्दा चाँडो शालिक पुनर्स्थापना गर्ने र छोरी सम्पत्तिको घर निर्माण गरिदिने प्रतिवद्धता पूरा गर्न बाँकी रहेको छ । ती दुवै काम पूरा गर्ने अध्यक्ष गिरीले प्रतिवद्धता जनाएका छन् । करिव १३ विगाह जग्गा दान दिएका डोमालाल राजवंशीको योगदानलाई बेवास्ता गर्न मिल्दैन । चाहे दाता जुनसुकै जाति र समुदायका हुन् ।

Pratidin National Daily
प्रतिदिन

तपाई जहाँ भएपनि
प्रतिदिन दैनिक तपाईसँगै
ताजा र विश्वसनीय खबरको लागि
लगइन गर्नुहोस
www.pratidindaily.com

# नेपाली राजनीतिको गन्तव्य



• प्राडा प्रेम शर्मा

गत भदौ २३ र २४ को जेनजी विद्रोहले नेपालका राजनीतिक दलहरू सकारात्मक गन्तव्यतर्फ लम्कन थालेको देखिन्छ । आगामी फागुन २१ गतेको निर्वाचनमा अधिकांश दलले एक्लाएक्लै चुनावमा जाने आँट गरेका छन् । मौसमले साथ दिनु पर्‍यो । सरकारले शान्तिसुरक्षाको वातावरण मिलाउनु पर्‍यो । हालसम्म यी सहज वातावरण तयार भइसकेका छन् । निर्वाचनको काम अगाडि बढिरहेको छ । के नेताहरू सच्चिए त ? आउँदा दिनमा उनीहरूद्वारा सम्पादन गर्ने कार्यले देखाउने छ । साथै नेपालको संविधान २०७२ माथि पुनर्विचार गर्ने कि नगर्ने ? कति प्रतिशत यो दस्तावेज पनि जिम्मेवार बन्ला कि ? छुट्याएर हेर्नु पर्छ होला । नेतालाई मात्र दोष दिनु न्यायसङ्गत हुने छैन । त्यसैले फागुन २१ को निर्वाचनपछि सुझबुझ, बुद्धि, विवेक प्रयोग गरी राष्ट्रिय सहमतिका साथ १० वर्षको अनुभवबाट नेपालको संविधानभित्र रहेका कमीकमजोरी र सबल पक्षलाई सुदृढ रूपमा छाँटकाँट गर्नु पर्छ ।

जेनजी विद्रोहपछि केही एकाध राजनीतिक दलबाहेक धेरैले वर्तमान वैश्विक परिस्थिति, सूचना प्रविधि र समयसापेक्ष अगाडि बढ्न थालेका छन् । सुशासन र त्यसभित्रका अत्यावश्यक तत्व विधिको शासन, पारदर्शिता, भ्रष्टाचार निवारण, जवाफदेहिता, शक्ति पृथकीकरण, सार्वजनिक जवाफदेहिता, छिटोछरितो र प्रभावकारी सेवा प्रवाहमाथि सोच्न थालेका छन् । योसँगै दलका नेतृत्व तह नेपालको मौलिक पहिचानको राजनीति र छिमेकी एवं मित्र राष्ट्रसँगको वैदेशिक मामलामा सहभागी हुनु अपरिहार्य छ । झन्डै एक शताब्दीदेखि आधुनिक राज्यव्यवस्थाको खोजीमा नेपालीले सात/आठ दशक ठुलो जनधनको क्षतिका साथ धेरै प्रयास/सङ्घर्ष र बलिदान गरे तर अझै सही मार्ग पत्ता लगाउन सकिएको छैन, निष्कर्षमा पुग्न सकिएको छैन । छिमेकी मुलुकले यही कालखण्डमा के कति विकास गरे ? ती कहाँ छन् ? हामी कहाँ छौँ ? अबका केही दशकभित्र उनीहरू विश्वका प्रथम, द्वितीय, तृतीय दर्जाका आर्थिक आर्जनको स्तरमा पुग्दै छन् । हामी अझै धेरै अलमलमा छौँ । अबको निकास नवयुवा र प्रविधिमैत्री वैश्विक क्रान्तिले रूपान्तरण गर्ने पहल हो । त्यसैले गत भदौ २३ र २४ को जेनजी विद्रोह र फागुन २१ को विशेष निर्वाचनको परिणाम एउटा कोसेढुङ्गाका रूपमा प्रमाणित हुने छ ।

भूराजनीतिक र वैश्विक प्रभावबाट नेपाल अलग र अछुत रहन सक्दैन । नेपाली युवाशक्ति विदेश पलायनको क्रम रोकिने वातावरणको सुनिश्चित युवाकै काँधमा छ । भावी नेतृत्व उनीहरूले नै लिनु पर्छ । भ्रष्टाचार न्यूनीकरण र सुशासनसहितको राज्यव्यवस्थाको विकल्प छैन । नेपाल र नेपालीबिनाको पहिचान अर्को कुनै छैन । विकासनिर्माणको नेतृत्व नेपालीले नै सम्पादन गर्ने हो । नेपालको समृद्धि र सम्पन्नता नेपालीकै हातमा छ । नेपालमा अपार सम्भावना नै सम्भावना छन् । दलहरू त माध्यम मात्रै हुन् । साध्य त नेपालीको रूपान्तरण, समृद्धि र सम्पन्न नेपाल हो । यस महान् यज्ञमा भावी निर्वाचन सम्पन्न गरेपछि आआफ्नो क्षमता र जनाधार एवं हैसियत पत्ता लाग्ने छ र सबै दलका नेतृत्वले आफूलाई चिन्ने मौका प्राप्त हुने छ । एउटा सर्वमान्य, सर्वपहिचान र नेपाली विविधताको स्वरूप झल्काउने, अनेकतामा एकता दक्षिण एसियामा मात्रै होइन, विश्वमै चिनाउने, गौतम बुद्धको जन्मथलो, विश्वको सर्वोच्च शिखर सगरमाथा रहेको छ । स्वदेश निर्माणदेखि आफ्नो भविष्य निर्माण गर्नुका साथै विश्व मानचित्रमा नेपाल चिनाउने र नेपालीको सहभागिता सुनिश्चित गर्ने साझा दायित्व सुरुवात हुने छ । यो देश विश्वका हिन्दु र बौद्ध धर्मालम्बीको पनि गन्तव्यका रूपमा चिनिने छ ।

१९ औं, २० औं शताब्दीमा नेपाल, भारत र चीन विकासको एउटै लहरमा थिए तर अहिले फरक किन ? किनभने उनीहरूको राजनीतिक मुद्दा छैनन्, विकासनिर्माणमा केन्द्रित छन् । हामीले पनि राजनीतिक सवाल तखातामा थन्काइसकेका हौँ तर पनि सुशासन र भ्रष्टाचार, अस्थिर सरकार, गैरदलीय चरित्र र व्यवहार, अपरिपक्वता किन ? खोजी गर्नु छ । यसको खोजी हाम्रो सविंधान र त्यसभित्रका पात्रको चरित्र र व्यवहार एवं निर्वाचन (प्रतिनिधित्व) प्रणाली भित्र पनि गर्नु पर्छ । हामी आफैँले अङ्गीकार गरेको पोसाक वा बोलीचाली र व्यवहार उपयुक्त पो भएन कि ? गाडी वा चालक को बेठिक ? वा दुवै ? अब बारबार जनताको घरदैलोमा जाने होइन, आफ्नै आत्माभित्रको स्वभाव र आचरण तथा आफैँले सिर्जना गरेका (खराब) वातावरणको फोहोरलाई पनि पखाल्नु पर्छ ।

नयाँ नेतृत्वले तलमाथि र पर (केन्द्र, स्वदेश र विदेश) तर्फ होइन, घरगाउँ र नेपाली र नेपालभित्रै खोजौँ । आफ्नो भूमिकामा पो चुक्यौँ कि ? चुनाव जित्नु ठुलो कुरा होइन, सेवा गर्नु ठुलो कर्म र धर्म हो । कर्मबिनाको फल भ्रष्टाचार, अनैतिक, पदीय दुरुपयोग हो । आफ्नो क्षमता देखाउने सच्चा जनप्रतिनिधिले त्यही पदमा रहिरहन खोज्नु भ्रष्टाचार र अन्य स्वार्थकेन्द्रित हुनु हो । त्यो लोकतान्त्रिक पद्धति होइन । त्यसैले जनताको सेवाका लागि दुई कार्यकाल ठुलो र लामो समय हो । बेलायत अमेरिकालाई हेरौँ ।

गठबन्धनको बैसाखीमा चुनाव जित्नु सत्तामा बारम्बार बस्न इच्छा राख्नु र बस्नु अनैतिकता हो । निर्वाचनमा हारेको व्यक्ति सदनमा प्रवेश गर्नु त घोर जनअपमान हो । आफ्नो पार्टीको घोषणा बाहिर अरूका लागि आफ्नो अस्तित्व मेटाउनु (गठबन्धन) विशुद्ध दुई नम्बरी अर्थात् जनविरोधी कार्य हो । दलहरूले बारम्बार चुनावी घोषणा फेरि रहनु पनि उचित होइन । विगतका अधुरा कार्य (वाचा) पूरा गर्नु, निरन्तरता दिनु स्वाभाविक हो तर कुनै पनि दलको राजनीति देश र जनताका लागि छुट्टाछुट्टै लक्ष्य हुँदैन, लक्ष्य त एउटै हुन्छ, माध्यम र उक्त लक्ष्य एवं उद्देश्य प्राप्त गर्ने माध्यम फरक फरक हुन सक्छन् । हरेक दलको लक्ष्य एउटै, त्यस लक्ष्यमा पुग्ने र प्राप्त गर्ने उद्देश्य आआफ्नै किटान हुन्छन् । उद्देश्य, रणनीति, नीति, कार्यक्रम र योजना, परियोजना आआफ्नै हुन्छन् तर नेपालमा अधिकांश दलमा यो इतिहास, संस्कृति र उद्देश्य नभएका, लक्ष्यविहीन समूह (जमात) मात्र भेटिन्छन् । सिद्धान्तविहीन, एजेन्डाविहीन, अरूको विरोधका लागि विरोध गर्ने मात्रै भेटिन्छन् । यो प्रचलन गलत हो र राजनीति परिपक्वता नभएको अवस्था हो । प्रत्येक निर्वाचनमा नयाँ नयाँ दल उत्पन्न हुनुको पछाडि यिनै कमीकमजोरी छन् । नेपालमा दलहरू संस्थागत रूपमा विकास भइसकेका छैनन् । विकसित मुलुकमा यस्तो प्रथा र इतिहास भेटिँदैन । चुनावी एजेन्डा नयाँ नयाँ तथा समय र समस्या सापेक्ष भेटिन्छन्, त्यो स्वाभाविक हो । गठबन्धनको आवश्यकता निर्वाचनपश्चात् सदनमा आवश्यक संख्याको बहुमत वा दुई तिहाइ पुर्‍याउँदा आवश्यक हुन सक्छ न कि कसैको विरुद्ध, निषेधको राजनीति, कसैप्रति प्रतिशोध र गैरराजनीति चरित्रबाट निर्देशित भएर हुनु स्वाभाविक मान्न सकिन्न ।

फागुन २१ को चुनावी नतिजाले कसैको पनि स्पष्ट बहुमत पुग्ने सम्भावना कम देखिन्छ । त्यसैले निर्वाचनपछिको सरकार गठबन्धनमा जाने आकलन गर्न सकिन्छ तर गठबन्धनको पनि उद्देश्य हुन्छ । त्यो कुनै उद्देश्य वा लक्ष्यप्राप्तिका लागि जस्तैः 'साझा सरकार' गठबन्धन भन्नुभन्दा 'साझा सरकार' साझा समस्या समाधानका लागि हुनु पर्छ । यसको तात्पर्य भ्रष्टाचार निर्मूल गर्नु हो । सुशासन स्थापित गर्नु हो । विकासलाई गति दिनु हो । युवा शक्ति स्वदेशमै टिकाउनु हो । रोजगारी सिर्जना गर्नु हो । सेवाग्राहीलाई छिटोछरितो प्रभावकारी सेवा प्रदान गर्नु हो । आजको प्राथमिक एजेन्डा यिनै हुन् । चुनावको नतिजापछि जनमतले रुचाएको अर्थात् बहुमतको सरकार बन्छ । उसको एजेन्डा लागु हुन्छ । बाँकी दल प्रतिपक्षमा बस्छन् । राष्ट्र र नेपालीको हितका साझा सवालमा एक हुन्छन् । सबैको हित राष्ट्र र नेपालीको जित प्राप्त गर्नु हो । यही पवित्र यज्ञमा हामी सबै जुटौँ, यो विशेष परिस्थितिको निर्वाचनलाई सफल पारौँ । गोपबाट

# इजलासको कडी, निर्वाचनको घडी



• प्रा.डा. गान्धी पण्डित

भदौ २३, २४ को जेन–जी विद्रोहले पाँच वर्षको पदावधिका लागि निर्वाचित भएको प्रतिनिधिसभा लगभग अढाई वर्षमै विघटन हुन पुग्यो। यही २१ फागुन महिना नयाँ संसद् का लागि निर्वाचन हुन गइरहेको छ। सुशीला कार्कीको अन्तरिम सरकारको सिफारिसमा राष्ट्रपतिद्वारा संविधानको धारा ६१ को अधीनमा २०७९ मा निर्वाचित प्रतिनिधिसभा विघटन गरिएको हो। धारा ६१ मा राष्ट्रपतिलाई संविधानको पालना र संरक्षण गर्नुपर्ने विशिष्ट दायित्व प्रदान गरेको हुँदा सो बमोजिम नै निजले संसद् विघटन गरेका हुन्।

नेपालको संविधानको प्रस्तावनामा लोकतन्त्रको संरक्षण र अग्रगामी राजनैतिक परिवर्तनका लागि गर्दै आएका कुनै पनि जनआन्दोलन र संघर्षलाई आत्मसात् गरिनेछ भनी उल्लेख गरिएको छ। यसको अर्थ संविधानको बुझ्नुपर्ने समग्र मर्म र भावना केवल संविधानका विभिन्न धारामा लेखिएका विभिन्न काला अक्षरको शव्दको सार र अर्थमा सीमित नभई संविधानको प्रस्तावनासमेतको लिखित मूल संविधानलाई एउटा राजनीतिक दस्तावेजको रूपमा स्वीकार गरेमा मात्र बुझ्न सकिन्छ। यस अर्थमा संविधानको मूल भावना र मर्मलाई आत्मसात् नगरी केवल संविधानको धारा ७६ मा उल्लेखित शब्दको सीमित सार र अर्थबाट मात्र भदौ २७ मा संसद् विघटनको कार्यलाई बुझ्नु र व्याख्या गर्नु मनासिव र उपर्युक्त देखिँदैन।

संविधानको संशोधन वा परिवर्तन केवल संवैधानिक व्यवस्था र संसदीय कायविधिबाट गरिन्छ। सोबाहेक अन्य तरिकाबाट गर्ने मिल्दैन भनी बुझ्नु राजनीतिक जडबुद्धि सावित हुन पुग्छ। यदि संवैधानिक प्रक्रियाबाट मात्र संविधानका प्रावधान कार्यान्वयन हुनुपर्छ। अन्यथा संविधानविपरीत हुन्छ भनी स्वीकार गरिएमा २०१७ मा जारी भएको संविधानलाई २०४७ को संविधानले र २०४७ को संविधानलाई २०६३ को अन्तरिम संविधानले ती तत्त् संविधानलाई विस्थापित गर्ने सक्दैन। गरेको भए पनि ती कार्यहरू असंवैधानिक हुन भनी अर्थ लाग्न पुग्छ।

२०१७ र २०४७ को संविधानलाई ती संविधानमा गरिएको व्यवस्था र प्रक्रियाबमोजिम विस्थापित वा खारेज गरेको होइन। ती संविधानहरूको खारेजी वा परिवर्तन जनआन्दोलन वा विद्रोहले गरेको हुँदा नै वर्तमान संविधानमा प्रस्तावनामा संविधानको खारेजी वा संविधानको कुनै धाराको कार्यान्वयनको स्थगनलाई जनआन्दोलन, विद्रोह वा संघर्षबाट हुन सक्छ भनी प्रस्तावनामा जनआन्दोलन, विद्रोह वा संघर्षलाई सम्मना आत्मसात् गरिएको पाइन्छ। यही सेरोफरोमा यस आलेखमा हाल केही राजनीतिक दल र विघटित संसद्का सदस्यहरूले भदौ २७ मा गैरसंवैधानिक तरिकाबाट संसद् विघटन गरिएको हुँदा उक्त विघटित संसद् पुनर्स्थापना गरिपाऊँ भनी दायर गरेको रिट निवेदनको विश्लेषण र यसका अन्तरनिहित दाबीलाई केलाउने प्रयास गरिएको छ।

संविधानको धारा ८५ मा संसद्को कार्यकाल पाँच वर्षको हुनेछ भनी व्यवस्था गरेको छ। सामान्यतः संसद् पाँच वर्षसम्म नै कायम रहोस् र बीचैमा संसद् विघटन हुन नपरोस् भन्ने संविधानको चाहना, भावना र मर्म हो। तर संविधानले धारा ७६(७) को विशेष अवस्था सिर्जना भएको अवस्थामा मात्र संसद् विघटन गर्ने पाउने व्यवस्था गरेको छ। सोबाहेक अन्य अवस्थामा संसद् विघटन गर्न पाउने व्यवस्था गरिएको छैन। तर कुनै नागरिक विद्रोह, आन्दोलन वा संघर्षको कारणबाट कुनै विषम परिस्थिति उत्पन्न भई संसद् चल्न नसक्ने वा संसद्लाई निरन्तरता दिन नसकिने अवस्था भएमा संसद् विघटन मिल्ने वा नमिल्ने सम्बन्धमा संविधानमा कुनै व्यवस्था गरेको पाइँदैन।

संविधानको घारा ७६ को सोझो बुझाइमा त संसद् कायम हुँदै गरेको अवस्थामा कुनै प्रधानमन्त्रीले राजीनामा दिएको अवस्थामा धारा ७६(२), (३) वा (५) को प्रक्रिया अपनाई नयाँ प्रधानमन्त्री नियुक्त गरिनुपर्छ भन्ने हो। तर ती सबै प्रक्रिया अपनाउँदा पनि प्रधानमन्त्री नियुक्त हुन सक्ने अवस्था नरहेमा मात्र धारा ७६(७) मा प्रधानमन्त्रीको सिफारिसमा संसद् विघटन गर्ने सकिने व्यवस्था छ। तर भदौ २४ गतेको विषम परि स्थिति र तरल अवस्थालाई ध्यानमा राखी प्रधानमन्त्री ओलीले पदबाट राजीनामा दिए। त्यसपश्चात् कार्यवाहक प्रधानमन्त्रीको रूपमा राष्ट्र र संविधानमा देखिएको समस्यालाई समाधान गर्न धारा ६१ बमोजिम उचित निकास दिनु हुन भनी राष्ट्रपतिलाई सिफारिस गरेका थिए।

त्यस्तो सिफारिसपश्चात् राष्ट्रपतिले संविधानको धारा ६१ को अधिकार प्रयोग गरी कार्कीलाई प्रधानमन्त्री नियुक्त गरेपछि निज कार्कीको सिफारिसमा राष्ट्रपतिले संसद् विघटन गरी निर्वाचन घोषणा गरेको हो। सोही कदमलाई संविधानविपरीत भएको भनी चुनौती दिँदै विघटित संसद् स्थापित गरी पाउन भनी रिट निवेदन दायर भएको अवस्था हो। वास्तवमा भदौ २३-२७ मा देशको अस्तित्व र संविधान नै जोखिममा परेको अवस्था हो। आन्दोलनलाई रोकी सहमतिमा ल्याई देशलाई त्यस विषम परिस्थितिमा निकास दिन राष्ट्रपति र सेनापतिको उचित र विवेकशील कदमबाटै सबै राजनीतिक पार्टीको सहमति र सल्लाहबमोजिम राष्ट्रपतिले धारा ६१ लाई टेकेर संविधानको संरक्षक र पालकको हैसियतले धारा ७७(२) बमोजिमको कार्यवाहक प्रधानमन्त्रीको सिफारिसमा कार्कीलाई प्रधानमन्त्री नियुक्त गरी निजको सिफारिसमा संसद् विघटनको गरिएको हो।

संविधानको धारा ७७(१)(क) बमोजिम ओलीले राष्ट्रपति समक्ष राजीनामा दिएपछि उपधारा (३) बमोजिम अर्को प्रधानमन्त्री नियुक्त नहुँदासम्म निजले कार्यवाहकको हैसियतले मन्त्रिपरिषद्को काम कारबाही गर्ने पाउने भनी उपधारा (३) व्यवस्था गरिएको छ। सो हैसियतमा प्रधानमन्त्रीमा नियुक्त गर्न लगायत धारा ६१ बमोजिम उचित कदम चाली निकास दिन राष्ट्रपतिसमक्ष सिफारिस गरेका हुन्। उचित कदम भन्नाले त्यसबखत संसद्मा नभएको व्यक्ति कार्कीलाई नियुक्त गर्न पाउने भनी सिफारिस गरेको मान्नुपर्ने हुन्छ। संविधानको धारा ७७ ले संविधानको कार्यान्वयन र संरक्षणका लागि सिफारिस गर्ने अधिकार कार्यवाहक प्रधानमन्त्रीमा रहने र निजले गरेको सिफारिसबमोजिम राष्ट्रपतिले कार्यसम्पादन गरिनेछ भनी धारा ६६(२) मा व्यवस्था गरिएको छ।

राष्ट्रपतिले कार्कीलाई प्रधानमन्त्री नियुक्त गर्नु र सोपश्चात संसद् विघटन गरी संसद् को निर्वाचन घोषणा गरेका सबै कार्य प्रधानमन्त्रीको सिफारिसमा गरेको हुँदा ती कार्यहरू संविधानसम्मत मान्नुपर्ने हुन्छ। अझै धारा ६१ को व्यवस्था हेर्ने हो भने भदौ २३-२४ को विषम र प्रतिकूल अवस्थामा मुलुकको राष्ट्रिय एकता र अखण्डता प्रवर्धन गर्दै संविधानको पालन र संरक्षण गर्ने प्रमुख कर्तव्य राष्ट्रपतिको प्रमुख कर्तव्य हो। सो कर्तव्यपालनको सिलसिलामा आवश्यकताको सिद्धान्तलाई आत्मसात् गर्दै प्रधानमन्त्रीको सिफारिस नभएको अवस्थामा पनि संविधानलाई बचाउन राष्ट्रपतिले आफूमा रहेको विशिष्ट संवैधानिक अधिकारको प्रयोगगरी प्रधानमन्त्री नियुक्त गरेको र संसद् विघटन गरेको कार्य संविधानसम्मत नै रहेछ भनी मान्नुपर्ने हुन्छ।

यदि भदौ २३-२७ को गम्भीर, कठिन र प्रतिकूल अवस्थामा संसद् विघटन र निर्वाचनको घोषणाबाहेक अन्य के कदम चाल्ने सक्ने अवस्था थियो ? वा, संसद्को अधिवेशन बोलाउन सक्ने अवस्था थियो ? तत्काले जेन–जी आन्दोलनकारीहरू वार्तामा बोलाई सहमतिमा ल्याउन नसेकेको भए संसद् को बैठक बोलाउने कुरा त परै जाओस्, संसद् बाटै प्रधानमन्त्री नियुक्त गर्न सक्ने अवस्था नै थिएन। यदि राष्ट्रपतिले त्यस्तो कार्य नगरेको भए या त देशको अस्तित्व र अखण्डतामा नै गम्भीर संकट आउन सक्थ्यो वा ठूलो रक्तपात निम्तिन सक्थ्यो। त्यसैले त्यस बेलाको संसद् विघटनको कार्य ठीक थियो थिएन भनी यकिन गर्ने अहिलेको अनुकूल परिस्थितिलाई हेरेर हैन कि त्यसबेलाको विद्यमान विषम परि स्थितिलाई हेरेर कुन विकल्प बढी व्यावहारिक वा कार्यान्वयन गर्ने सम्भव छ भनी बुझ्नु र मनन् गर्न जरुरी हुन्छायहाँ प्रश्न सरकार गठनको प्रक्रियाको वैधानिकता जाँच्ने हो वा संसद् विघटनको कार्यको वैधानिकतालाई निक्र्योल गर्ने भन्ने हो। ओलीले राजीनामा दिएपछि राष्ट्रपतिले तुरुन्त अर्को प्रधानमन्त्री नियुक्त गरिहाल्ने विकल्प अन्य कार्य वा कदम चाल्ने विकल्प नै थिएन। त्यसैकारण राष्ट्रपतिले त्यसरी नियुक्त प्रधानमन्त्रीको सिफारिसको आधारमा संसद् विघटन गरेको कार्य कानुनसम्मत र व्यावहारिक देखिँदा सर्वोच्च अदालतले रिट जारी गर्ने सम्भावना न्यून छ तर आदेश जारी गर्ने वा नगर्ने भनी निर्णय गर्ने अन्तिम अधिकार हुन्छ।

संसद् पुनर्स्थापनाको रिट उपरको सुनुवाइमा किन ढिलाइ ? : संसद् पुनर्स्थापनाका लागि रिट दायर गर्ने पक्षहरूले आफ्नो रिट उपरको सुनुवाइ सर्वोच्च अदालतले ढिलो गरेको हुँदा निर्वाचन अगावै चाँडो होस् भनी विभिन्न तरिकाबाट दबाब दिइरहेको देखिन्छ। के सर्वोच्च अदालतले सुनवाइमा ढिलै गरेको हो ? पटक्कै ढिला होइन। कुनै पनि रिट दर्ता भइसकेपछि त्यसको प्रारम्भिक सुनुवाइपछि कारण देखाऊ आदेश जारी भए त्यसपछि त्यस निवेदन उपरको अन्तिम सुनुवाइ अदालतका सबै प्रक्रिया र कायविधि पूरा भएपछि मात्र हुन्छ। एमालेले संसद् विघटनविरुद्धको पहिलो रिट कात्तिक महिनामा दायर गरेको थियो भने नेपाली कांग्रेसले त्यसपछि दायर गरेको हो।

तर दुवै रिटलाई लगाउमा राख्ने गरी सर्वोच्चबाट आदेश भएबाट हाल दुवै निवदेनको प्रक्रियागत कायविधि पूरा भई नसकेको हुँदा अन्तिम सुनुवाइका लागि पेसी तारेखमा चढिसकेको छैन। पेसी तारेखमा नचढ्दासम्म उक्त रिटमा सुनुवाइ भई फैसला हुन सक्ने अवस्था छैन। यही माघ २८ का लागि साधारण तारेख तोकिएको छ र त्यसदिन पेसी तारेखमा मुद्दा चढ्ने वा नचढ्ने निश्चित छैन। यदि पेसी तारेखमा परे पनि त्यसको सुनुवाइ एक दुई हप्तापछि सुरु हुने हुन्छ। त्यसरी सुनुवाइ सुरु भइसकेपछि पनि त्यसको सुनुवाइ समाप्त हुन दुई वा तीन हप्तासम्म लाग्ने हुँदा निर्वाचनपछि मात्र निर्णय आउन सम्भव देखिन्छ।

निर्वाचनपछिको सुनुवाइको कुनै अर्थ रहँदैन किनभने २१ फागुनको निर्वाचनपछिको सुनुवाइमा रिट प्रयोजनविहीन भई आदेश जारी गर्नुपर्ने अवस्थै आउँदैन। किनकि सम्पन्न निर्वाचनबाट आएको संसद्लाई रिट निवेदनबाट खारेज गरी पुरानो संसद्लाई पुनर्स्थापना हुने गरी आदेश जारी गर्न मनासिव देखिँदैन। निर्वाचनपछि नयाँ संसद् अस्तित्व आउने हुँदा त्यसरी अस्तित्वमा आइसकेपछि त्यस्तो नयाँ संसद्लाई बदर गर्ने क्षेत्रधिकार शक्ति पृथकीकरणको सिद्धान्तले पनि अदालतमा रहने देखिँदैन।

के २१ फागुनमा हुने निर्वाचन स्थगन गर्ने वा निर्वाचन सार्न सम्भव छ ? : एकपटक निर्वाचनको मिति घोषणा भई सकेपछि निर्वाचनको सबै कार्यक्रमा तय भई सकेपछि निर्वाचन रोक्न वा सार्न प्रचलित कानुन र संवैधानिक प्रावधानबमोजिम सम्भव देखिँदैन। निर्वाचन कानुनबमोजिम चुनावको मिति तोकेपछि सो मितिभित्र निर्वाचन सम्पन्न गरिसक्नुपर्ने हुन्छ। तर कुनै मतदान केन्द्रमा हुलदंगालगायत अन्य असमान्य परिस्थिति उत्पन्न भई वा प्राकृतिक विपत् परी मतदानको काम हुन नसकेको अवस्थामा निर्वाचन अधिकृतले त्यस्तो मतदान कार्य तत्काल स्थगन गरी पुनः मतदानको सूचना निकाली मतदान सम्पन्न गर्न सक्नेगरी प्रतिनिधिसभा ऐन २०७४ को दफा ४५ मा व्यवस्था गरेको छ। सोबाहेक अन्य अवस्थामा निर्वाचन स्थगन मिल्ने अवस्था दैखिँदैन।

निर्वाचन स्थगन भन्नु र निर्वाचनको मिति सार्नु भन्नु नितान्तै दुई फरक विषय हुन्। निर्वाचन सार्नु भनेको निर्वाचनको पूरै कार्यक्रम नै सार्नेगरी नयाँ मिति तय गर्नु हो। चुनाव स्थगन गर्नु भनेको यदि कुनै निर्वाचन क्षेत्रमा तोकिएको दिन मतदान सम्पन्न हुन नसकी मतदानको कार्य रोक्न परेमा सो रोकी पुन मतदानको मिति तोकी निर्वाचन सम्पन्न गर्ने कार्यलाई सम्झनु पर्दछ। यस अर्थमा आगामी २१ फागुनको निर्वाचन मिति सार्न सम्भव देखिँदैन। सोही मितिमा निर्वाचन सम्पन्न हुने निश्चित छ। अपूबाट

# महिला प्रतिनिधित्व अझ खुम्चिने डर

काठमाडौं । आगामी फागुन २१ गते हुने निर्वाचनमा प्रत्यक्षतर्फ महिलाको सहभागिता फेरि न्यून देखिएको छ। समान प्रतिनिधित्वको प्रतिबद्धता दोहोर्‍याउने दलहरू नै टिकट बाँडफाँडमा भने महिलाप्रति अनुदार बनेको तथ्यांकले देखाउँछ।

महिलाका हक-अधिकारका लागि लडेको र संविधानमार्फत महिला प्रतिनिधित्व बढाएको जस लिन तँछाडमछाड गर्ने प्रमुख दलहरू नै उम्मेदवारका रूपमा महिलालाई अघि सार्न कञ्जुस्याइँ गरेका देखिन्छन्।

१६५ सिट रहेको प्रत्यक्षतर्फ ६४ दल र स्वतन्त्र गरी तीन हजार ४०६ जनाको उम्मेदवारी परेको छ। जसमा महिला ३८८ जना मात्रै छन्, जुन कुल उम्मेदवारीको ११.३९ प्रतिशत मात्रै हो।

अझ यसमा पनि कुल उम्मेदवारको ४.६० प्रतिशत महिलाले स्वततन्त्र उम्मेदवारी दिएका हुन्। यसलाई अलग राख्ने हो भने दलहरूबाट ६.७८ प्रतिशत मात्रै महिलाले उम्मेदवारका रूपमा अवसर पाएका छन्।

**कुन दलबाट कति महिला उम्मेदवार ?**

३८८ महिला उम्मेदवारमध्ये दलबाट २३१ र १५७ स्वतन्त्र छन्। ठूला दलबाट त महिला उम्मेदवारी नगण्य परेको छ। विघटित प्रतिनिधिसभाको जेठो दल कांग्रेसबाट जम्मा ११ महिला उम्मेदवार छन्।

झापा २ बाट सरिता प्रसाईं, झापा ५ बाट मंधरा चिमरिया, सिरहा ४ बाट चन्द्रकला कुमारी यादव, सिन्धुली २ बाट सुशीला थिङ, महोत्तरी २ बाट किरन यादव, काठमाडौं ८ बाट सपना राजभण्डारी, काठमाडौं ९ बाट नानुमैया बास्तोला, मकवानपुर १ बाट महालक्ष्मी उपाध्याय 'डिना', चितवन २ बाट मीनाकुमारी खरेल, रुकुम पूर्वबाट कुसुमदेवी थापा र दैलेख १ बाट बासना थापा कांग्रेसका महिला उम्मेदवार हुन्।

एमालेबाट अझ कम १० जना मात्रै महिला उम्मेदवार छन्। सुनसरी ३ मा भगवती चौधरी, सोलुखुम्बु १ मा कल्पना राई, ओखल्ढुंगा १ मा अस्मिता थापा, धनुषा ३ मा जुलीकुमारी महतो, महोत्तरी ४ मा नीलम अधिकारी, बारा ३ मा ज्वालाकुमारी साह, पर्सा २ बाट रिमाकुमारी यादव, तनहुँ १ मा भगवती न्यौपाने, बाग्लुङ २ मा मञ्जु शर्मा र बर्दिया २ मा विमला विक एमालेबाट उम्मेदवार छन्।

कांग्रेस-एमालेले संविधान संशोधनको मुद्दा अघि सार्दा 'संशोधन गर्ने नै भए महिलाई राज्यका रहेक निकायमा ५० प्रतिशत सुनश्चित गरौं' भन्ने पुष्पमकल दाहाल प्रचण्ड नेतृत्वको नेपाली कम्युनिष्ट पार्टी (नेकपा)ले पनि अपेक्षित रूपमा महिलालाई अवसर दिएको छैन। उसले जम्मा १२ जना महिलालाई मात्रै उम्मेदवार बनाएको छ। नेकपाबाट झापा २ मा धर्मशीला चापागाई, संखुवासभा १ मा सरिता थापा, सुनसरी २ मा रामकुमारी चौधरी, सप्तरी ४ मा रुवीकुमारी कर्ण, काठमाडौं १ मा मेनुका भण्डारी, काठमाडौं ५ मा कल्पना शर्मा, काठमाडौं १० मा रूपा महर्जन, रौतहट ३ मा पुनम देवी, चितवन ३ मा रेणु दाहाल, मनाङ १ मा यशोदा गुरुङ, कञ्चनपुर १ मा बीना मगर र नवलपरासी बर्दघाट सुस्ता पश्चिममा सिन्धु जलेसा बुढाथोकी महिला उम्मेदवार हुन्।

अन्य दलभन्दा पृथक दाबी गर्ने राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)ले भने अन्य दलले भन्दा केही बढी महिलालाई उम्मेदवार बनाएको छ। उसले आफ्नो कुल उम्मेदवारीको २६.२४ अर्थात् १६ जना महिलालाई अवसर दिएको हो। रास्वपाबाट झापा १ मा निशा डाँगी, झापा २ मा इन्दिरा राना मगर, मोरङ ५ मा आशा झा, मोरङ ६ मा रुबिना आचार्य, सुनसरी १ मा गोमा तामाङ सप्तरी १ मा पुष्पाकुमारी चौधरी, महोत्तरी ४ मा गौरी कुमारी, सर्लाही १ मा नीतिमा भण्डारी उम्मेदवार छन्।

यसैगरी धादिङ १ मा आशिका तामाङ, काठमाडौं १ मा रन्जु न्यौपाने, ललितपुर ३ मा तोसिमा कार्की, चितवन ३ मा सोविता गौतम, कास्की ३ मा बिना गुरुङ, जुम्ला १ मा विनिता कठायत, हुम्ला १ मा टासी ल्हान्जोम र कैलाली १ मा कोमल ज्ञवाली रास्वपाका महिला उम्मेदवार हुन्।

राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा)ले जम्मा ८ जना महिला उम्मेदवार छन्। राप्रपाबाट इलाम १ मा ज्वाला नेपाल, काठमाडौं २ मा कुन्ती पोखरेल, ललितपुर १ मा सजिना कार्की, पर्सा २ मा वीना जैसवाल, नवलपरासी सुस्ता पूर्वमा रनकुमारी महतो, मुस्ताङ १ मा कमला लालचन, सल्यान १ मा अनिशा नेपाली र दैलेख २ मा बबिताकुमारी शाही उम्मेदवार छन्।

विघटित संसद्का शीर्ष पाँच दलहरूको तुलनामा बरु अन्य साना दलहरूले उम्मेदवारका रूपमा बढी मौका दिएका छन्। सबैभन्दा बढी उदार नेपाल मजदुर किसान पार्टी (नेमकिपा) देखिएको छ। उसले सबैभन्दा धेरै ५४ महिलालाई उम्मेदवार बनाएको छ।

धेरै महिला उम्मेदवार बनाउनेमा आम जनता पार्टी दोस्रोमा छ। उसले २५ महिला उम्मेदवार अघि सारेको छ भने मंगोल नेशनल अर्गनाइजेनशनबाट १५ जना छन्। यसैगरी राष्ट्रिय जनमोर्चाबाट ९, जसपा नेपालबाट ८, श्रम संस्कृतिबाट ७, उनेपा र मितेरी पार्टीबाट ६-६, जनमत पार्टी, संघीय लोकतात्रिक मञ्चबाट ५, नेकपा माओवादी, राष्ट्रिय जनमुक्ति पार्टी तथा नेशनल रिपब्लिक नेपालबाट ४-४, राष्ट्र निर्माण दल, राष्ट्रिय मुक्ति पार्टी र नागरिक उन्मुक्ति नेपालबाट ३-३ जना महिला उम्मेदवार छन्।

यसैगरी प्रगतिशील लोकतान्त्रिक पार्टी र राष्ट्रिय परिवर्तन पार्टीबाट २-२ तथा गतिशील लोकतान्त्रिक, जसपा, नाउपा, नेकपा संयुक्त, नेपाल जनता पार्टी, नेपाल जनमुक्ति पार्टी, नेपाल जनसेवा पार्टी, प्रजातान्त्रिक पार्टी नेपाल, समावेशी समाजवादी पार्टी र सार्वभौम नागरिक पार्टीबाट १-१ जना उम्मेदवार महिला छन्।



**हेभिवेट पुरुषसँगको अधिकांशको भिडन्त**

संविधान र कानुनले बाध्यकारी गरेको बाहेकका ठाउँमा महिलालाई निकै कम मौका दिने दलहरूले यसपटक आफ्ना महिला उम्मेदवारलाई हेभिवेटसँग भिडाउँदै छन्। जसले अझ प्रत्यक्षतर्फको महिला सहभागिता खुम्च्याउने निश्चितप्रायः छ।

कांग्रेस, एमाले, नेकपा, रास्वपा र राप्रपा लगायत दलले महिला उम्मेदवार उठाएका ठाउँमा पूर्वप्रधानमन्त्रीदेखि पार्टीका प्रमुख नेताहरू प्रतिस्पर्धी छन्। कतिपय ठाउँमा महिलाहरू नै एकापसमा भिड्नुपर्ने छ।

झापा २ मा कांग्रेसबाट सरिता प्रसाईं, नेकपाबाट धर्मशीला चापागाई र रास्वपाबाट इन्दिरा राना मगर उम्मेदवार छन्। उनीहरू एकापसमा भिड्दै एमालेका हेभिवेटसँग पौँठेजाडी खेल्नुपर्ने छ। एमालेबाट पूर्वसभामुख देवराज घिमिरे उम्मेदवार छन्। उनी ०७९ को निर्वाचनमा सोही क्षेत्रबाट निर्वाचित भएका थिए। झापा ५ मा कांग्रेसले उम्मेदवार बनाएकी मन्धरा चिमरियाको प्रतिस्पर्धीमा पूर्वप्रधानमन्त्रीसमेत रहेका एमाले अध्यक्ष केपी ओली र रास्वपाका वरिष्ठ नेता बालेन साहसँग हुँदै छ। नेकपाले रञ्जित तामाङलाई उम्मेदवार बनाएको छ।

चारपटक प्रधानमन्त्री भइसकेका ओलीले पटकपटक जित्दै आएको सो क्षेत्रमा यसपटक रास्वपाका साह मैदानमा उत्रिँदा त्यहाँको चुनावी प्रतिस्पर्धा रोचक हुने देखिन्छ। यी दुई चर्चित अनुहारबीच कांग्रेसले अघि सारेकी मन्धराले उम्मेदवारमै चित्त बुझाउनुपर्ने अवस्था आउने विश्लेषण भइरहेको छ।

तर आफू कमजोर उम्मेदवार नभएको दाबी मन्धराको छ। ओली र बालेन भने राष्ट्रिय स्तरमा चर्चित भए पनि 'ग्रास लेभलमा'मा आफू निकै भिजेको जिकिर उनी गर्छिन्। 'ग्रास लेभलमा काम गरेको महिला, जनतजाति, दलित, पीछडा वर्ग, महिला, अनाथ, वृद्धहरूको पतिनिधित्व गर्दै आएकी छु पहिलादेखि। उहाँहरू (ओली र बालेन) चाहिँ बढी चर्चामा मात्रै हुनुहुन्छ। तर चुनाव चाहिँ म जित्छु', उनी भन्छिन्, '५२ प्रतिशत महिला मतदाता भएकाले, उहाँहरूबाटै बढीभन्दा बढी सपोर्ट छ म साधारण महिला हुँ भन्ने लाग्दैन ।'

काठमाडौं ८ मा कांग्रेस उम्मेदवार सपना राजभण्डारीको प्रतिस्पर्धी पनि हेभिवेट नै छन्। रास्वपाबाट अघिल्लो पटक चुनाव जितेका विराजभक्त श्रेष्ठले सोही क्षेत्रबाट दोहोरिएका छन्। यसैगरी अघिल्लो चुनावमा उम्मेदवार बनेका सुमन सायमी यसपटक नेकपाबाट चुनाव लड्दै छन्। जसकारण भण्डारीका लागि प्रतिस्पर्धा सहज छैन।

काठमाडौं ९ मा कांग्रेसले नानु बस्तोलालाई उम्मेदवार बनाएको। उनको प्रतिस्पर्धा पूर्वमन्त्रीसमेत रहेका रास्वपाका उपसभापति डोलप्रसाद अर्याल, एमालेका अजयक्रान्ति शाक्य र नेकपाका राधाकृष्ण महर्जनसँग हुँदै छ। शाक्य र महर्जन सोही क्षेत्रका स्थानीय उम्मेदवार हुन् भने रास्वपाका अर्याल पनि बलिया प्रतिस्पर्धी हुन्। यस्तोमा बास्तोलालाई जित निकाल्न त्यति सहज देखिँदैन।

मकवानपुर १ मा कांग्रेसका अर्का महिला उम्मेदवार महालक्ष्मी उपाध्याय डिनाको प्रतिस्पर्धीमा राप्रपाका दीपकबहादुर सिंह, एमालेका रामेश्वर राना मगर, नेकपाका विजय गौतम र रास्वपाका प्रकाश गौतम लगायत छन्। अघिल्लो चुनावमा सिंहले जितेको सो क्षेत्रमा डिना फेरि उम्मेदवार बनेकी हुन्।

चितवन २ मा कांग्रेसकी मीनाकुमारी खरेलले पूर्वगृहमन्त्रीसमेत रहेका रास्वपा सभापति रवि लामिछानेसँग प्रतिस्पर्धा गर्दै छिन्। २०७९ सालको आमनिर्वाचन र २०८० सालको उपनिर्वाचनमा लगातार लामिछानेले ठूलो मतान्तरका साथ जितेको उक्त क्षेत्र कांग्रेसकी खरेलका लागि सहज छैन।

यस्तै, सिन्धुली २ मा कांग्रेसले सुशीला थिङलाई उम्मेदवार बनाएको छ। उनी नेकपाका नेकपाका लेखनाथ दाहाल, एमालेका मनोजजंग थापा र रास्वपाका आशिष गजुरेलसँग प्रतिस्पर्धा गर्दै छिन्। अघिल्लो पटक समानुपातिक सांसद बनेकी उनले यसपट प्रत्यक्षतर्फ टिकट पाएकी हुन्। यो क्षेत्रमा नेकपाका दाहालले अघिल्लो पटक जितेका थिए। चन्द्रकला कुमारी यादवलाई कांग्रेसले सिरहा ४ मा उम्मेदवार बनाएको छ। उनले जसपा नेपालका राजकिशोर यादव, जनमतका वीरेन्द्र महतो, एमालेका धर्मनाथ साह र नेकपाका अजयशंकर नायक लगायत प्रतिस्पर्धी गर्दै छिन्।

महोत्तरी २ की कांग्रेस उम्मेदवार किरण यादवले पनि शरदसिंह भण्डारीजस्ता अहिलेसम्म चुनाव नहारेका नेतासँग भिड्नुपरेको छ। यसपटक सो क्षेत्रमा रास्वपाका दीपकुमार साह, नेकपाका लक्ष्मणकुमार यादव र एमालेका कासिम नदाफ लगायत उम्मेदवार छन्।

रुकुम पूर्वमा कांग्रेसले उम्मेदवार बनाएको कुसुमदेवी थापामगरलाई अझ कठिन किन पनि छ भने उनका प्रतिस्पर्धी पूर्वप्रधानमन्त्रीसमेत रहेका नेकपाका संयोजक प्रचण्डसँग हुँदै छ। यसै त माओवादीको बलियो जनाधार भएको क्षेत्र, त्यसमा पार्टी संयोजकसँगको प्रतिस्पर्धा कुसुमका लागि सहज देखिँदैन।

दैलेख १ का कांग्रेस उम्मेदवार बासना थापाको प्रतिस्पर्धी अघिल्लो पटक चुनाव जितेका नेकपाका अम्मरबहादुर थापा छन्। साथमा एमालेका रवीन्द्रराज शर्मा र रास्वपाका नन्दकिशोर बस्नेतलगायतसँग उनले प्रतिस्पर्धा गर्नुपर्नेछ।

यसपटकको आमनिर्वाचनका लागि एमालेले उठाएका महिला उम्मेदवारका प्रतिस्पर्धी पनि हेभिवेट नै छन्। तनहुँ १ मा भगवती न्यौपानेले रास्वपाका स्वर्णिम वाग्ले र कांग्रेसका गोविन्द भट्टराईसँग प्रतिस्पर्धा गर्नुपर्नेछ। वाग्लेले सो क्षेत्रबाट २०८० वैशाखमा भएको उपचुनावबाट निर्वाचित भएका थिए भने कांग्रेसका भट्टराई त्यहाँका चिरपरिचित नाम हो।

एमालेले सोलुखुम्बुमा कल्पना राईलाई उम्मेदवार बनाएको छ। उनले कांग्रेसका प्रकाशसिंह कार्की र नेकपाका असीम राईसँग लड्नुपर्नेछ। बलियो संगठन भएको कांग्रेसका कार्की र पालिका प्रमुखका रूपमा रहँदा राम्रो काम गरेर जिल्लामै राम्रो छबि बनाएका असिमसँगको लडाइँ कल्पनाका लागि पनि सहज देखिँदैन।

ओखलढुंगाबाट उम्मेदवार बनाइएकी अस्मिता थापाको प्रतिस्पर्धी कांग्रेस र नेकपाका प्रभावशाली नेतासँग नै हुँदै छ। उनका प्रतिस्पर्धी कांग्रेसका कुमार लुइँटेल र नेकपाका अम्बिरबाबु गुरुङसँग हुनेछ। एमालेको जिल्ला कमिटी लिएर गुरुङ नेकपा प्रवेश गरी टिकट लिएका हुन्। यसकारण यो क्षेत्रको चुनावी भिडन्त रोचक हुने देखिन्छ।

बर्दिया २ मा एमालेले उम्मेदवार बनाएको विमला विकको भिडन्त कांग्रेसका पूर्वसहमहान्त्री किशोरसिंह राठौरसँग हुँदै छ। सो क्षेत्रमा नेकपाले सुरेश पन्थलाई उम्मेदवार बनाएको छ।

एमालेले बागलुङ २ मञ्जु शर्मालाई अघि सारेको छ। सो क्षेत्रमा कांग्रेसले टेकराज पौडेल, नेकपाका ज्ञामनाथ गैरे, रास्वपाका सोम शर्मासँग मञ्जुको प्रतिस्पर्धा हुँदै छ। एमालेले अघिल्लो पटक चुनाव जितेकाले धनुषा-३ मा जुली महतो, बारा-३ मा ज्वाला शाह र सुनसरी-४ मा भगवती चौधरीलाई दोहोर्‍याएको छ।

नेकपाले १२ जना महिलालाई प्रत्यक्षतर्फको उम्मेदवार बनाएको छ। चितवन ३ मा रेणु दाहाल उठेकी छन्। उनको प्रतिस्पर्धा रास्वपाकी सोविता गौतम, कांग्रेसका टेकप्रसाद गुरुङ, एमालेका शंकरराज थपलिया र राप्रपाका दीपक थापामगरसँग हुँदै छ। अघिल्लो राप्रपाका विक्रम पाण्डे निर्वाचित भएका थिए।

भरतपुर महानगरपालिकाको दुई कार्यकाल मेयर भएर रेनु प्रतिनिधिसभा चुनाव लड्न लागेकी हुन् भने काठमाडौं २ बाट अघिल्लो पटक चुनाव जितेकी रास्वपाकी गौतम यसपटक चितवन ३ पुगेकी हुन्।

यसैगरी नेकपाले कञ्चनपुर १ मा बीना मगरलाई उम्मेदवार बनाएको छ। अघिल्लो पटक उनी सोही क्षेत्रमा एमालेका तारा लामासँग पराजित भएकी थिइन्। यसपटक पनि विनाको प्रतिस्पर्धा एमालेका उनै लामा छन् भने कांग्रेसका गोपीप्रसाद उपाध्याय र रास्वपाका जनकसिंह धामी पनि चुनावी मैदानमा छन्।

यसबाहेक, नेकपाले काठमाडौं-१ मा मेनुका भण्डारीलाई उम्मेदवार बनाएको छ। भण्डारीका प्रतिस्पर्धीमा राप्रपाका वरिष्ठ नेता रवीन्द्र मिश्र छन्। उनी विगतमा दुई निर्वाचनमा झिनो मतान्तरमा मात्र पराजित भएका व्यक्ति हुन्। यसपटक रास्वपाबाट रञ्जु न्यौपाने, कांग्रेसका प्रबल थापा र एमालेका मोहनराज रेग्मी लगायत प्रतिस्पर्धामा छन्। यस्तोमा भण्डारीका लागि पनि अवस्था सहज हुने देखिँदैन।

यसैगरी काठमाडौं ५ बाट कल्पना शर्मा नेकपाका उम्मेदवार छिन्। उनको प्रतिस्पर्धी कांग्रेस महामन्त्री प्रदीप पौडेल, एमालेका चर्चित नेता ईश्वर पोखरेल र राप्रपाका कमल थापा जस्ता चर्चित अनुहारसँग हुँदै छ। रास्वपाबाट सस्मित पोखरेल पनि चुनावी मैदानमा छन्। एक हेभिवेट, अर्कोतिर नयाँ दलका ह्वीमले गर्दा नेकपाकी शर्मालाई पनि कठिन नै देखिन्छ।

नेकपाले काठमाडौं १० मा रूपा महर्जनलाई उम्मेदवार बनाएको छ। उनका प्रतिस्पर्धी एमालेका विनोद श्रेष्ठ, कांग्रेसका हिमाल कार्की र रास्वपाका प्रदीप विष्ट लगायत छन्।

झापा २ मा धर्मशीला चापागाईं उम्मेदवार छिन्। उनका प्रतिस्पर्धीहरू निवर्तमान सभामुख देवराज घिमिरे, उपसभामुख इन्दिरा रानालगायत छन्।

सरिता खड्कालाई नेकपाले संखुवासभाबाट उम्मेदवार बनाएको छ। सो जिल्लामा कांग्रेसका दिपनकुमार श्रेष्ठ, एमालेका अर्जुनकुमार कार्की र रास्वपाका मिङमा शेर्पा प्रतिस्पर्धी छन्।

सुनसरी २ मा नेकपाले रामकुमारी चौधरीलाई उम्मेदवार बनाएको छ। सो क्षेत्रमा कांग्रेसका राजीव कोइराला, एमालेका सुजन लामा, रास्वपाका लालविक्रम थापा प्रतिस्पर्धी छन्।

नेकपाले मनाङमा यशोदा सुवेदीलाई उम्मेदवार बनाएको छ। उनले यसअघि निर्वाचित कांग्रेसका टेकबहादुर गुरुङसँग प्रतिस्पर्धा गर्नुपर्नेछ।

सप्तरी ४ का नेकपाकी उम्मेदवार रुवकुमारी कर्णलाई पनि सहज देखिँदैन। उनले अघिल्लो पटक जितेर मन्त्रीसमेत बनेका कांग्रेसका तेजुलाल चौधरी, एमालेका गंगाप्रसाद चौधरी, जसपा नेपालका बबी सिंह लगायतसँग प्रतिस्पर्धा हुँदै छ।

नवलपरासी पश्चिममा नेकपाले सिन्धु जलेसा बुढाथोकीलाई उम्मेदवार बनाएको छ। उनका प्रतिस्पर्धी डलर अर्बपतिसमेत रहेका कांग्रेसका विनोद चौधरी हुन्। अघिल्लो निर्वाचनमा पनि चौधरी सोही क्षेत्रबाट जितेका थिए। सो क्षेत्रमा एमालेले रामप्रसाद पाण्डे र रास्वपाले विक्रम खनाललाई उठाएको छ।

रौतहट ३ की नेकपा उम्मेदवार पुनमदेवीले आम जनता पार्टीका अध्यक्ष प्रभु साहसँग प्रतिस्पर्धा गर्दै छिन्। यही क्षेत्रबाट २०६४ देखि निरन्तर जित्दै आएका साह बलिया उम्मेदवार हुन्। एमालेका कुन्दनप्रसाद कुसवाह, कांग्रेसका रामकृपालप्रसाद यादव, लोसपाका वीरेन्द्रकुमार गुप्ता लगायत पनि उक्त क्षेत्रमा उम्मेदवार छन्।

रास्वपाले १६ स्थानमा महिलालाई उम्मेदवार बनाएको छ। जसमा अघिल्लो पटक जितेका ललितपुर-३ मा तोसीमा कार्की दोहोरिएकी छन्। सोविता गौतम क्षेत्र परिवर्तन गरेर चितवन २ झरेकी छन्।

झापा १ मा निशा डाँगी रास्वपाबाट उम्मेदवार छिन्। उनले एमालेका रामचन्द्र उप्रेती र कांग्रेसका केशवराज पाण्डेसँग प्रतिस्पर्धा गर्दै छिन्। झापा २ बाट चुनावी मैदानमा उत्रेकी इन्दिरा राना मगरको प्रतिस्पर्धी निवर्तमान सभामुख देवराज घिमिरेलगायत छन् भने काठमाडा १ मा रञ्जु न्यौपाले राप्रपाका नेता रवीन्द्र मिश्रलगायतसँग प्रतिस्पर्धा गर्दै छिन्।

विनिता कठायतलाई रास्वपाले यसपटक जुम्लामा प्रत्यक्षतर्फ उम्मेदवार बनाएको छ। उनका प्रतिस्पर्धी राप्रपाका निवर्तमान सांसद ज्ञानबहादुर शाही हुन्। सो क्षेत्रमा नेकपाले नरेश भण्डारीलाई चुनावी मैदानमा उतारेको छ।

हुम्लामा युवा टासी ल्हान्जोम रास्वपाका उम्मेदवार हुन्। त्यहाँ नेकपाका दीपेन्द्र रोकाया, कांग्रेसका जयपति रोकाया र एमालेबाट दल फडेरा जस्ता उम्मेदवार छन्।

यसैगरी धादिङ१ मा रास्वपाले आशिका तामाङलाई उम्मेदवार बनाएको छ। लामो राजनीति र संसदीय अनुभव बटुलेका नेकपाका वरिष्ठ नेता राजेन्द्र पाण्डेलगायतसँग उनले प्रतिस्पर्धा गर्नुपर्नेछ। उक्त क्षेत्रमा एमालेका भूमि त्रिपाठी, कांग्रेसका कृष्ण रिजाललगायत पनि चुनावी मैदानमा छन्।

मोरङ ५ मा रास्वपाले आशा झालाई चुनावी मैदानमा उतारेको छ। सो क्षेत्रमा एमालेका मनोजकुमार अग्रवाल, कांग्रेसका फूलकुमार लालवानी र नेकपाका शिवकुमार केवटलगायत उम्मेदवार छन्।

सुनसरी १ की रास्वपा उम्मेदवार गोमा तामाङले श्रम संस्कृति पार्टीका अध्यक्ष हर्कराज राईसँग प्रतिस्पर्धा गर्दै छिन्। धरान उपमहानगरको प्रमुखका रुपमा राम्रो काम गरेर पार्टी गठन गरी चुनावमा होमिएका राई नै प्रमुख प्रतिस्पर्धी देखिन्छन्। उक्त क्षेत्रमा एमालेका टीकाराम लिम्बू, कांग्रेसका सुजेन्द्र तामाङ उम्मेदवार छन्।

यसैगरी रास्वपाले सप्तरी १ मा पुष्पा चौधरीलाई उम्मेदवार बनाएको छ। उक्त क्षेत्रमा एमालेका सुमनराज प्याकुरेल, कांग्रेसबाट रामदेव साह तेली लगायत उम्मेदवार छन्।

सर्लाही १ की रास्वपा उम्मेदवार नितिमा भण्डारीको प्रतिस्पर्धा नेकपाका प्रमोद साह, कांग्रेसका शम्भुलाल श्रेष्ठ, एमालेका मनोजकुमार देवकोटा लगायतसँग हुँदै छ। कास्की ३ मा रास्वपाले विना गुरुङलाई उम्मेदवार बनाएको छ। उनले कांग्रेसका मनोज गुरुङ, एमालेका दामोदर पौडेल र नेकपाका गोपाल गिरीलगातका उम्मेदवारसँग प्रतिस्पर्धा गर्दै छिन्।

राप्रपाले ८ महिला उम्मेदवार उठाएको छ। तीमध्ये काठमाडौं २ की कुन्ती पोखरेल बलियी उम्मेदवार हुन्। उनी यसअघि सो क्षेत्रमा निकतम् प्रतिद्वन्द्वी थिइन्। पुराना दलहरूको बलियो संगठन, लामो अनुभव र नयाँको ह्वीमबीच राप्रपाका अन्य महिला उम्मेदवारले पनि उम्मेदवारमै चित्त बुझाउनुपर्ने विश्लेषण धेरैको छ। यद्यपि चुनावी परिणामले नै भने देखाउने छ।

ठूला दलले धेरै महिलालाई अवसर नै नदिँदा उम्मेदवारी नै कम पर्नु र अवसर पाएकाहरू पनि हेभिवेटसँग भिड्नुपर्ने अवस्था बन्नुले प्रत्यक्षतर्फ महिला प्रतिनिधित्व झनै खुम्चिने देखिन्छ। थाहाखबरबाट

**सुपर काईनेटिक एक्सप्रेस कुरियर**

राष्ट्रिय तथा अन्तर्राष्ट्रिय चिठि, पत्र, पार्सल पठाउन परे हामिलाई सम्झनुहोस् ।
बिगत ३ दशकदेखी अनुभवी तथा विश्वासिलो एकमात्र कुरियर

सम्पर्क:
फोन: ०२३-५४०४७८
मो: ९८५२६७७३५५
बिर्तामोड (सिटि सेन्टर), झापा,
अदुवा खोला छेउ

**वर्गीकृत विज्ञापन संकलन केन्द्रहरू :**

चन्द्रगढी, भद्रपुर
लोकबहादुर कुँवर : ९८४२६८३९९६
द्रोण अधिकारी : ९८४२६२८७९१

दमक
विष्णु सुब्बा : ९८५२६७०१३७
देविबहादुर बस्नेत : ९८१७९२४६२१

मेचीनगर
चारआली : ९८४२७०३०१३
गोबिन्द घिमिरे : ९८१५९५०१५०

उर्लाबारी
रुपेन्द्र शेर्मा : ९८४२०९२४०६
विराटनगर
क्रिएटिभ आई: ०२१-५२५६१०

इलाम, मंगलबारे
रणवीर लिम्बू
९८१६९८४७५७

काकँरभिट्टा
फ्रेन्डसिप पुस्तक पसल
०२३-५६२४२४

झापा बजार
बरत राजवंशी
९८१७०४९००१

## आजको राशिफल

**मेष** भनेको कुराको विपरीत अर्थ लाग्नसक्छ । स्वास्थ्यमा गडबडी भई कामकाजमा असर

**वृष** भगवानको आशीर्वादले भने काम बन्नसक्छ । लगनशीलताले विभिन्न अवसर दिलाउनेछ

**मिथुन** रमाइलो यात्रा गर्ने अवसर प्राप्त हुनेछ । आकस्मिक धन लाभ हुनेछ ।

**कर्कट** मिहिनेत गर्दा अधिक प्रगति हुनेछ । तर अरुको भलाइका लागि दौडधुप गर्नु पर्नेछ

**सिंह** दैनिक कामहरू सन्तोषजनक ढंगले सम्पन्न हुनेछन् ।

**कन्या** आज सामाजिक तथा धार्मिक कार्यमा रुचि बढ्नेछ । नयाँ वस्त्र एवं अलङ्कारको प्राप्ति

**तुला** सामान हराउने वा चोरी हुने सम्भावना छ ।

**वृश्चिक** दैनिकी काममा चुनौतीको सामना गर्नुपर्ला । कतिपय राम्रा अवसरहरू प्राप्त हुनेछन् ।

**धनु** आज नयाँ र शुभ समाचार सुन्न पाइएला । मनमा हर्ष, उमङ्ग र उत्साह छाउनेछ ।

**मकर** आज सुन्दर पहिरनले व्यक्तित्वमा निखारता ल्याउनेछ । जोशजाँगर र हिम्मत पनि

**कुम्भ** कला र गलाको प्रभाव बढ्नेछ । वैदेशिक कार्य पनि अघि बढ्नेछ ।

**मिन** सामाजिक क्षेत्रमा सफलता मिल्नेछ । गरेका कामबाट धेरैलाई फाइदा पुग्न सक्छ